Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १६ ◆ अङ्क ४६६७ ◆ २०८२ साउन ९ गते शुक्रबार ◆ ने.सं. ११४५ ◆ पृष्ठ ८ ◆ Friday, July 25, 2025 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com

# घुस प्रकरणमा मुछिएका राजकुमार गुप्ता र रञ्जिता श्रेष्ठको मोबाइल अख्तियारको नियन्त्रणमा

■ आर्थिक संवाददाता
काठमाडौं, साउन ८

तीनै तहको अदालतको फैसला कार्यान्वयन गर्नुपर्ने सरकारी निकायले अदालतको फैसलालाई कार्यान्वयन नगरी सिंहदरबारका मन्त्री, सचिव र पूर्वमन्त्री संलग्न भ्रष्टाचारको छानबिनलाई मात्र तीव्रता दिएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कास्कीको मालपोत प्रमुखको थमौतीका लागि ५३ लाख र भूमि आयोग कास्कीको अध्यक्ष नियुक्तिका लागि १० लाख गरी ६३ लाख रूपैयाँ लिएको र कुल ७८ लाख डिल गरेका पूर्वसामान्य प्रशासनमन्त्री राजकुमार गुप्तासँग बयान लिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गुप्ताको मोबाइल समेत फरेन्सिक ल्याबका लागि नियन्त्रणमा लिएर अनुसन्धान गरेको छ ।

त्यस्तै, पूर्व भूमि, व्यवस्था तथा सहकारी निवारणमन्त्री रञ्जिता श्रेष्ठसँग पनि बयान लिएको छ । अख्तियार स्रोतका अनुसार श्रेष्ठको मोबाइल पनि नियन्त्रणमा लिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा विगत चार दिनदेखि निरन्तर बयान दिइरहेको र पोखरामा सुकुम्बासी भए पनि अडियो सार्वजनिक भएपछि केही मिडियाको दूषित प्रयासमा बिचौलिया बनाइएका पीडित सुजन लामाले भने आफ्नो मोबाइल मन्त्रीहरूले कब्जामा



लिएको बयान दिएका छन् ।

गत असार ११ गते आर्थिक दैनिकमा पहिलोपटक अडियो रेकर्डसहितको समाचार प्रकाशन भएपछि लामाले आफूलाई मन्त्रीहरूले नै नियन्त्रणमा लिई भैंसेपाटीस्थित मन्त्रीक्वार्टर नजिकै रहेको हिमालयन जाभामा बसेर उक्त अडियो एआईले बनाएको भन्ने वक्तव्य निकाल्न लगाएको र सोही दिन आफ्नो मोबाइल समेत नियन्त्रणमा लिएको बयान दिएका छन् ।

अख्तियारले अडियो रेकर्ड गर्ने सुजन लामालाई निरन्तर बयान लिने नाममा अख्तियारभित्र बोलाउने र एउटा कोठामा थुनेर राख्ने गरेको छ । विगत पाँच दिनदेखि उनलाई बयान लिने भनिए पनि टंगालमा बोलाउने र एउटा कोठामा थुनेर राख्ने गरिएको छ । यद्यपि, घुस लिने पूर्वमन्त्री राजकुमार गुप्ता र पूर्वमन्त्री रञ्जिता श्रेष्ठलाई भने केही घण्टा राखेर पठाउने गरेको छ ।

घुस लिने मन्त्रीहरूलाई अख्तियारले सामान्य सोधपुछ मात्रै गरे पनि घुस बुझाउने पीडित लामालाई भने सम्पत्ति



विवरण भराउनेसम्मको कार्य अख्तियारमा भइरहेको छ । लामाले भने बयानका क्रममा आफू सुकुम्बासी भएको निस्सा समेत पेश गरेका छन् । आफ्नो नाममा नागरिकता समेत जारी नभएकाले जन्मदर्ता पेश गरेका लामामाथि अख्तियारले सम्पत्ति छानबिन थालेको छ ।

पोखराको बाटुले चौरमा रहेको एक सय ३५ रोपनी जग्गामध्ये तीन वटा कित्ताहरु २५, २६ र २८ को स्वामित्वको हकदार दुर्गादेवी शाह भएको भनी तत्कालीन जिल्ला अदालत कास्की, गण्डकी अञ्चल अदालत र पश्चिमाञ्चल क्षेत्रीय अदालतको समेत फैसला कार्यान्वयन नभएपछि पीडित लामाको साहारामा दुर्गादेवी शाहको परिवारले जग्गा प्राप्तिका लागि संघर्ष गरेको थियो ।

दुर्गादेवीको नातिहरु सुनिल शाह र सुरज शाहले आफ्ना नाममा जग्गा प्राप्तिका लागि मित नाता पर्ने सुजन लामा समक्ष गुहार मागेका थिए । मितको परिवारसँग भावनात्मक नाता जोडिएपछि उक्त जग्गा प्राप्तिका लागि आफूले कानुनी लडाइँसँगसँगै आफ्नो राजनीतिक पहुँचलाई समेत प्रयोग गरेको लामा बताउँछन् ।

तत्कालीन कास्की जिल्लाका नापी प्रमुख राजेन्द्र जंग राणाले अदालतको फैसलाविपरीत बाटुले चौरको जग्गा आफ्नै नाममा पास गरी विभिन्न व्यक्तिहरूलाई बिक्री गरेका थिए । यसरी किर्ते गरेर हत्याइएको जग्गामा हाल व्यापारीहरूले महल बनाएका छन् । पोखराका धनाड्य भनेर चिनिने इन्द्र गौचन लगायतले यो क्षेत्रको जग्गामा रजाइँ गरेका छन् ।

अदालतको फैसला कार्यान्वयनका लागि मालपोत कार्यालय कास्की र नापी कार्यालय कास्की पुग्दा दुई वर्षसम्म पनि फैसला कार्यान्वयनमा आलटाल गरेपछि आफू संलग्न रहेको पार्टीका नेताहरु भेट्न फैसलासहित लामा काठमाडौं आएका थिए ।

फैसलाको कानुनी कार्यान्वयनमा लैजानुको सट्टा सिंहदरबारका मन्त्रीले लामासँग घुस लिएर कर्मचारी सरूवा गरिदिने र फैसला कार्यान्वयन गरिदिने आश्वासन दिएपछि लामाले सम्पूर्ण लेनदेनको अडियो रेकर्ड गरेका थिए । पूर्वमन्त्री रञ्जिता श्रेष्ठले १५ लाख, सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले ७८ लाख, भूमि सुधारमन्त्री बलराम अधिकारीले ३२ लाख, तत्कालीन सचिव अर्जुन पोखरेलले पाँच लाखसहित वनकुखुरा र मदिरा

➤ बाँकी पृष्ठ २ मा

## पीडित लामालाई अख्तियारका एसपीद्वारा मानसिक यातना



काठमाडौं । विगत पाँच दिनदेखि बयानको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग धाइरहेका चर्चित घुस प्रकरणका पीडित सुजन लामालाई अख्तियारमा कार्यरत नेपाल प्रहरीका अनुसन्धान अधिकृत मोहन थापाले चरम यातना दिएको खुलेको छ ।

बहालवाला मन्त्रीले नै घुस खाएको यस प्रकरणको पटाक्षेप भएपछि अख्तियारले अनुसन्धान सुरू गर्दा अडियो रेकर्ड गर्ने लामालाई समेत बयानको नाममा अख्तियार बोलाएर बिहान १० बजे हाजिर गराई बेलुका ७ बजे छोड्ने गरेको छ ।

लामालाई बयानको लागि भनेर बोलाए पनि बिहान १० बजेदेखि बेलुका ७ बजेसम्म नै एउटा कोठामा लगेर थुनेर राख्ने तथा नियमित औषधि

➤ बाँकी पृष्ठ २ मा

# वाइडबडी विमान खरिद प्रकरणमा अख्तियार प्रमुख राईमाथि अनुसन्धान नभएपछि विशेषले उठायो प्रश्न

■ आर्थिक संवाददाता
काठमाडौं, साउन ८

नेपाल वायुसेवा निगमको वाइडबडी विमान खरिद प्रकरणमा विशेष अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईमाथि प्रश्न उठाएको छ ।

नेपाल वायुसेवा निगमका दुईवटा वाइडबडी जहाज खरिदमा भ्रष्टाचार भएको मुद्दाको फैसलामा अख्तियार प्रमुख राईमाथि नै प्रश्न उठाएको हो । विशेष अदालतले हाल अख्तियार प्रमुख रहेका तत्कालीन सचिवमाथि किन अनुसन्धान र अभियोजन नभएको भनी प्रश्न उठाएको हो ।

गत मंसिर २० गते उक्त मुद्दाको फैसला भएको थियो । सो फैसलाले १२ जनालाई दोषी ठहर गरेको थियो । त्यसमध्ये सञ्चालक समितिका चार जनालाई कैद सजाय र बाँकी आपूर्तिकर्ताहरूलाई जरिवाना माग गरेको हो ।

विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर, सदस्य न्यायाधीशहरु तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले गरेको उक्त फैसलाको पूर्णपाठ आएको हो । हाल अख्तियार प्रमुख रहेका प्रेमकुमार राई त्यतिबेला संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव थिए । उनी निगमका सञ्चालक समितिका अध्यक्ष समेत थिए ।

अख्तियार प्रमुख राई नै रहेको बेला वाइडबडी भ्रष्टाचार प्रकरणमा २४ जना नेपाली र आठ जना विदेशी गरी कुल ३२ जनाविरूद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको थियो । अख्तियारले २०८० चैत २२ गते पूर्वमन्त्री जीवनबहादुर शाहीसहित ३२ जनाविरुद्ध विशेष अदालतमा



मुद्दा दायर गरेको थियो । अख्तियारले एक अर्ब ४७ करोड १० लाख ८५ हजार चार सय ८२ रूपैयाँ रकम बिगो मागदाबी गरेको थियो ।

अख्तियारले मुद्दा चलाउँदा मन्त्री, सचिव, समिति सदस्यहरु समेतविरूद्ध मुद्दा चलाएको थियो । तर अभियोजन गर्दा भने तत्कालीन सचिव प्रेमकुमार राईलाई भने प्रतिवादी बनाएको थिएन । पर्यटनसचिव राईको नेतृत्वमा बैठक बसेर वाइडबडी विमान खरिदसम्बन्धी निर्णय गर्दै तत्कालीन सहसचिव सूर्यप्रसाद आचार्यको संयोजकत्वमा उपसमिति गठन भएको थियो ।

अख्तियारले राईको कुनै भूमिका नै नरहने गरी विशेषमा मुद्दा दायर गरेको विषयलाई विशेष अदालतले प्राथमिकतामा राख्दै भनेको थियो उक्त काम समान न्यायको सिद्धान्तविपरीत हो । हालै सार्वजनिक भएको पूर्णपाठमा भनिएको छ–यसरी एउटै कार्यमा संलग्न कसैलाई अभियोजन नै नगर्ने र कसैलाई अभियोजन गर्नेजस्तो चयनमुखी दृष्टिकोण अवलम्बन गरिएको देखिन्छ । चयनमुखी अभियोजन गर्नु समान न्यायको सिद्धान्तविरुद्ध हुन्छ । यस्तो कार्यले कानुन सबैका लागि बराबर हो भन्ने भावनामा आघात पुऱ्याउँछ र न्यायप्रतिको विश्वास कमजोर बनाउँछ ।

राईकै अध्यक्षतामा बसेको समितिले गठन गरेको उपसमितिले साउन अन्तिममा प्रतिवेदन बुझाएको थियो । सोही प्रतिवेदनको आधारमा ७ भदौ २०७३ मा दुईवटा वाइडबडी खरिद गर्ने निर्णय भएको थियो । अख्तियारले मुद्दा चलाउँदा मन्त्री, सचिव, समिति सदस्यहरु समेतविरूद्ध मुद्दा चलाएको थियो । तर अभियोजन गर्दा भने तत्कालीन सचिव प्रेमकुमार राईलाई भने प्रतिवादी बनाइएको थिएन । यही विषयमा विशेष अदालतले प्रश्न उठाएको हो । साथै, त्यही काममा संलग्न राईलाई भने मुद्दा नचलाइएको पूर्णपाठमा उल्लेख छ ।

'उक्त खरिद प्रक्रियामा सामेल

➤ बाँकी पृष्ठ २ मा

## राष्ट्रपतिले फिर्ता गरे संवैधानिक परिषद् विधेयक



काठमाडौं । संवैधानिक परिषद्सम्बन्धी विधेयक नेपालको संविधानको मर्मअनुकूल नभएको भन्दै राष्ट्रपति रामचन्द्र पौडेलले संसद्मा फिर्ता पठाइदिएका छन् । राष्ट्रपतिले उक्त विधेयक बिहीबार संसद्मा पुनर्विचारका लागि भन्दै फिर्ता पठाइदिएका हुन् ।

प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भएको विधेयक प्रमाणित गरेर सभामुख देवराज घिमिरेले प्रमाणीकरणका लागि गत असार ३१ गते राष्ट्रपति कहाँ पठाएपछि राष्ट्रपतिले पुनर्विचारका लागि भन्दै संसद्मै फिर्ता गरिदिएका हुन् । राष्ट्रपतिले पाँच वटा कारण देखाउँदै विधेयक संविधानको मर्मविपरीत भएको तर्क गरेका छन् ।

## गभर्नर पौडेलविरुद्ध अख्तियारमा उजुरी

**उजुरीकर्ता भन्छन्, 'राष्ट्र बैंकलाई काँग्रेसको कार्यालय बनाउने काम भयो'**

■ सुरेश राउत
काठमाडौं, साउन ८

नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता भएको छ । नियम कानुनविपरीत काम गरेको भन्दै राष्ट्र बैंकका गभर्नर पौडेलमाथि छानबिन गर्न राष्ट्रभक्त नेपालीको नामबाट साउन ४ गते आयोगमा उजुरी दर्ता भएको हो ।

उजुरीदर्ताको क्रममा निवेदकले प्रमाणको रूपमा गभर्नर पौडेलले शैक्षिक योग्यतामा आफैँले गरेको टिप्पणी, विभिन्न क्षेत्रमा पेश गरेको शैक्षिक योग्यतासम्बन्धी कागजपत्रहरु, बैंक तथा वित्तीय

➤ बाँकी पृष्ठ २ मा

इ–पेपर हेर्नको लागि

# जीवनराम समूहद्वारा अदालतको आदेश लत्याएर एन्फा कब्जा

■ आर्थिक संवाददाता
काठमाडौं, साउन ८

सर्वोच्च अदालतको अन्तरिम आदेशलाई लत्याउँदै जीवनराम श्रेष्ठको समूहले नेपाल ओलम्पिक कमिटी (एन्फा) कब्जा गरेको छ । सर्वोच्च अदालतले एनओसीलाई नयाँ निर्वाचनको प्रक्रियामा अघि नबढ्न भने पनि श्रेष्ठले जबरजस्ती अनलाइनबाट निर्वाचन गरेर १३ पुस २०८१ मा तेस्रोपटक अध्यक्ष निर्वाचित भएको घोषणा गरेका थिए ।

सर्वोच्चमा पुस ९ गते नेपाल ओलम्पिक कमिटीको हुन गइरहेको निर्वाचन अवैधानिक भएकाले रोक्न माग गर्दै रिट दायर भएको थियो । कमल बहादुर चित्रकारले दर्ता गरेको रिटमा सर्वोच्च अदालतले पुस ११ गते अन्तरिम आदेश जारी गरेको थियो । न्यायाधीश शारङ्गा सुवेदीको एकल इजलासले मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म निर्वाचनको गतिविधि नगर्न भनेको थियो ।

अदालतको आदेश र सोही आदेशअनुसार सरकारले निर्वाचन प्रक्रिया रोक्न पत्राचार गरे पनि पुस



१३ गते अनलाइन प्रक्रियामार्फत निर्वाचन सम्पन्न गरिएको थियो । तर, श्रेष्ठले अदालतलाई चुनौती दिँदै अनलाइनमार्फत् निर्वाचन गरेर आफू अध्यक्ष भएको घोषणा गरे ।

**के थियो सर्वोच्चको आदेशमा ?**

एनओसीको विवादका सम्बन्धमा सर्वोच्च अदालतले उच्च अदालत पाटनको फैसला र सरकारको वैधानिकता समेतलाई हेर्दै श्रेष्ठले विधान संशोधन गर्दै निर्वाचनका लागि सुरू गरेको प्रक्रिया कानुनसम्मत नभएको ठहर गरेको थियो ।

'२०५४ सालमा स्थापित ओलम्पिक कमिटीले नै निरन्तरता पाउने अवस्था भएकाले आधिकारिक कमिटी राष्ट्रिय निर्देशन ऐन २०१८ बमोजिम स्थापित कमिटी नै ठहरिएको देखिन्छ,' सर्वोच्चको आदेशमा भनिएको छ, 'सुविधान र सन्तुलन समेतलाई दृष्टिगत गर्दा पछि ठहरेबमोजिम हुने नै भएकाले प्रस्तुत मुद्दाको टुङ्गो नलागेसम्म विपक्षी जीवनराम श्रेष्ठबाट प्रेषित पत्रका आधारमा २०८१ पुस १३ गते हुने भनिएको एनओसीको निर्वाचनलगायतका गतिविधि नगर्नू र यथास्थितिमा राख्नू ।'

**पटक–पटक आदेश अवज्ञा गर्दा पनि श्रेष्ठलाई किन छुट?**

श्रेष्ठले सर्वोच्च अदालतको आदेश मात्रै होइन यसअघि उच्च अदालत पाटनबाट भएको आदेश पनि उल्लङ्घन गरेका थिए । उच्च अदालत पाटनको आदेश र राखेपको निर्देशनविपरीत ओलम्पिक कमिटीले २०८१ पुस १३ गते सम्पन्न गर्नेगरी निर्वाचनको मिति तोकेपछि एनओसी विवादले नयाँ मोड लिएको थियो । ओलम्पिक कमिटीका अध्यक्ष श्रेष्ठले अदालतको आदेशविपरीत २०८१ मंसिर १८ गते काठमाडौंमा विशेष साधारणसभा गरी

➤ बाँकी पृष्ठ २ मा



## घुस...

लिएका थिए ।

यो प्रकरणमा पीडितहरूसँग पैसा असुल्न मुख्यसचिव कार्यालयबाट समेत केही व्यक्ति परिचालन भएको खुलेको छ । त्यस्तै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका केही अधिकारीले समेत पीडित लामासँग पैसा लिएको आरोप छ । लहरो तान्दा पहरो नै आउने देखिएपछि यो अनुसन्धान फितलो हुँदै गएको छ । अख्तियारले प्रमाण सार्वजनिक गरेर अख्तियारलाई सहयोग गर्ने लामालाई बयानको नाममा यातना दिइरहेको छ भने मन्त्री र सरकारका व्यक्तिहरूलाई फुक्काफाल छाडेको छ ।

## वाइडबडी...

रहेका केही पदाधिकारीको हकमा पनि आरोप दाबी लिइएको देखिन आउँदैन । यसरी एउटै कार्यमा संलग्न कसैलाई अभियोजन नै नगर्ने र कसैलाई अभियोजन गर्नेजस्तो चयनमुखी दृष्टिकोण अवलम्बन गरिएको देखिन्छ,' अदालतको फैसलामा भनिएको छ, 'चयनमुखी अभियोजन गर्नु समान न्यायको सिद्धान्तविरुद्ध हुन्छ । यस्तो कामले कानुन सबैका लागि बराबर हो भन्ने भावनामा आघात पुर्‍याउँछ र न्यायप्रतिको विश्वास कमजोर बनाउँछ ।'

त्यही सञ्चालक समितिले बनाएको उपसमिति बनेपछि नै खरिद प्रक्रिया टुङ्गिएको पनि फैसलामा भनिएको छ । उक्त इजलासले तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकार, अध्यक्ष शंकर अधिकारी, भन्सार विभाग महानिर्देशक शिशिर ढुंगाना र सहसचिव बुद्धिसागर लामिछानेलाई दोषी ठहर गरेको थियो । कंसाकारलाई दुई वर्ष नौ महिना कैद, ढुंगाना र लामिछानेलाई एक वर्ष छ महिना कैद र अधिकारीलाई एक वर्ष नौ महिना कैद सजाय दिएको थियो ।

कंसाकारलाई ५० प्रतिशत कैद सजाय छुट समेत अदालतले दिएको थियो । जेष्ठ नागरिक ऐन, २०६३ अनुसार ७० वर्ष पूरा भएर ७५ ननाघेका व्यक्तिलाई कैद सजायमा ५० प्रतिशत छुट दिने व्यवस्था छ । उनीहरूसँग २४ करोड बढी रकम बिगोअनुसारको जरिवाना असुल गर्न माग भएको थियो ।

आपूर्तिकर्ताहरू क्रिस्टियन नुइह्लिन, ओलेग कालिस्ट्रु, जोन एम होल्स, एना टोपा, पासिलो मिरपुरी, जेराल्ड थोर्टन र हाइफ्लाइ एक आयरल्यान्ड कम्पनीको हकमा २४ करोड ५१ लाख ८० हजार नौ सय १३ रुपैयाँ जरिवाना असुल गर्न माग गरेको थियो ।

पूर्वमन्त्री जीवनबहादुर शाही, टेकनाथ आचार्य, निमा नुरु शेर्पा, मुक्तिराम पाण्डे, जीवन प्रकाश सिटौला, अच्युतराज पहाडी, रामहरि शर्मा सेढाई, जनकराज कालाखेती, प्रभासकुमार कर्माचार्य, गणेशबहादुर चन्द, कर्णबहादुर थापा, सुभास रिजाल, रमेशबहादुर शाह, रवीन्द्रकुमार शेरचन, रविन्द्र श्रेष्ठ, उपेन्द्र पौडेल, श्रवण रिजाल, पारस पौडेल, उमेश पौडेल, बृहत्मान तुलाधर, एस्क्रो एजेन्ट नोर्टन रोज फुलब्राइट एलएलपी जर्मनीका मुख्य व्यक्ति मार्कस राडब्रच र राल्फ स्प्रिन्जरले सफाइ पाएका थिए ।

अख्तियारले २०८० चैत २२ गते पूर्वमन्त्री जीवनबहादुर शाहीसहित ३२ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो । अख्तियारले एक अर्ब ४७ करोड १० लाख ८५ हजार ४८२ रकम बिगो मागदाबी गरेको थियो ।

अख्तियारले सो समयमा प्रेमकुमार राई मात्र नभई निर्वाचन आयोगका तत्कालीन प्रमुख आयुक्त दिनेशकुमार थपलियालाई पनि उन्मुक्ति दिएको थियो । उक्त मुद्दा दायर गर्दा नै वाइडबडी खरिद गर्ने प्रस्तावको अध्ययन प्रतिवेदन पेस गर्न २०७२ पुस २७ गते दिनेशकुमार थपलियाको अध्यक्षतामा बसेको नेपाल वायुसेवा निगमको बोर्ड बैठकले वाइडबडी विमान खरिद गर्न २५ अर्ब रुपैयाँको सहुलियत ऋण अथवा पुँजी लगानीको लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरेको थियो । त्यसैगरी, २०७३ वैशाख २ गते निगम सञ्चालक समितिका अध्यक्ष प्रेमकुमार राईको अध्यक्षतामा बसेको बैठकले वाइडबडी विमान खरिद गर्न खरिद उपसमिति गठन गर्ने निर्णय गरेको थियो । यी दुई निर्णयकै कारण वाइडबडी विमान खरिद भएको थियो ।

तर, उक्त खरिदमा घोटाला भएको भनेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गर्दा निर्णयकर्तामध्येका एक प्रेमकुमार राई आफैँ अख्तियारको प्रमुख आयुक्त रहेको र अर्को निर्णयकर्ता दिनेशकुमार थपलिया निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त रहेकाले मिलेमत्तोमा उनीहरूलाई छुटाएर अरूका हकमा मात्र अख्तियारले मुद्दा दायर गरेको थियो । वाइडबडी खरिद प्रकरण सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८० चैत २२ गते विशेष अदालतमा पेस गरेको आरोपपत्रको पेज एक सय ८५मा प्रष्टरूपमा उल्लेख गरेको छ कि सञ्चालक समितिको पूर्वसहमति लिएर लागत अनुमान महाप्रबन्धक सुगतरत्न कंसाकारले खरिद प्रक्रिया अघि बढाउनुपर्नेमा यसरी स्वीकृति लिएको अवस्था नदेखे पनि पर्यटनसचिव शंकरप्रसाद अधिकारीको अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकले उक्त लागत अनुमान स्वीकृत गरेको हुँदा सञ्चालक समितिले 'कानुनी दायित्व पूरा गरेको अवस्था देखिँदैन' भनी आरोप लगाएको थियो । तर, सचिव शंकरप्रसाद अधिकारी निगम अध्यक्षमा नियुक्त हुनअघि वर्तमान निर्वाचन आयोगको प्रमुख आयुक्त दिनेशकुमार थपलिया पर्यटनसचिवको रूपमा निगमको सञ्चालक समितिमा अध्यक्ष रहँदा २०७२ असोज २७ गते सञ्चालक समितिको बैठकले 'तत्कालको लागि २५ अर्ब रुपैयाँको सहुलियत ऋण अथवा पुँजी लगानीको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत नेपाल सरकार अर्थ मन्त्रालयलाई अनुरोध गरी पठाउने' भनी निर्णय गरेको थियो ।

यो निर्णयले देखाउँछ कि अध्यक्ष थपलियाले पनि सञ्चालक समितिको पूर्वसहमति लिएर लागत अनुमान तयार नपारेको अवस्थामा नै २५ अर्ब रुपैयाँको लागत अनुमान स्वीकृत गरेको छ । यसरी एउटै प्रकृतिको काम गर्दा एक सचिव शंकरप्रसाद अधिकारीलाई कानुनी दायित्व पूरा नगरेको भनी आरोप लगाएर अर्को सचिव दिनेशकुमार थपलियालाई कुनै आरोप लगाएन ।

त्यसैगरी, निगमको अध्यक्ष पदमा तत्कालीन पर्यटनसचिव र वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई हुँदा सञ्चालक समितिको २०७३ वैशाख २ गते बसेको बैठकबाट नेपाल वायुसेवा निगम आर्थिक विनियमावली २०६५ को विनियम २३६ (१) (ख) अनुसार खरिद गर्न आवश्यक कारबाही गर्ने निर्णय गरेको भए पनि यसबारे आरोपपत्रमा कुनै उल्लेखसम्म गरिएन र यो निर्णयले प्रष्ट देखाउँछ कि विद्यमान विनियावली संशोधन नगरीकनै विनियम २३६ (१) (ख) लाई मान्यता दिएको हो ।

**यस्तो छ घटनाक्रम**

२०७३ फागुन १० गते स्थापना भएको सो कम्पनीले युरोपको एयरबस कम्पनीबाट दुईवटा विमान खरिद गरी निगमलाई २४ अर्ब रुपैयाँमा बिक्री गरेको थियो । निगमले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट ऋण लिएर विमान खरिद गरेको थियो । सो रकम भुक्तानी गर्न जर्मनीको नर्टन रोज फुलब्राइट नामक कम्पनीसँग सम्झौता भएको थियो । यसरी पैसा भुक्तानी गर्न तेस्रो पक्षको खाता प्रयोग गर्नुलाई एस्क्रो खाता भनिन्छ । त्यही खातामा रकम राखेर सम्झौताअनुसार भुक्तानी गरिएको थियो ।

२०७३ फागुन १८ मा बैनास्वरूप १० लाख अमेरिकी डलर भुक्तानी गरेको निगमले २०७४ असार ५ गते थप सात करोड ९० लाख रुपैयाँ भुक्तानी दिएको थियो । २०७५ असार १४ गते र साउन १० गते निगमले दुईवटा वाइडबडी विमान नेपाल ल्याएको थियो । एउटा कम्पनीलाई टेन्डरमा छनोट गर्ने, थप दुई कम्पनी जोडिएको कन्सोर्टियमसँग समझदारीमार्फत अर्कै खातामा रकम भुक्तानी गरेपछि वाइडबडी विमान खरिदप्रक्रिया विवादमा परेको थियो । त्यसपछि प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले उपसमिति गठन गरेर अध्ययन गरेको थियो । सांसद राजन केसीको संयोजकत्वमा गठित उपसमितिले २०७५ पुस तेस्रो साता बुझाएको प्रतिवेदनमा दुईवटा वाइडबडी खरिदमा चार अर्ब ३५ करोड ५६ लाख रुपैयाँ अनियमितता भएको निष्कर्ष निकालेको थियो ।

२०६५ चैत २५ गते वायुसेवा निगमले दुईवटा वाइडबडी र चारवटा न्यारोबडी खरिद गर्न टेन्डर आह्वान गरेपछि हवाई माफिया सल्बलाएका थिए । निगमविरुद्ध प्रचारप्रसारको शृङ्खला सुरु भयो । २२ वर्षसम्म निगमले कुनै विमान खरिद नगरीकन विदेशी एयरलाइन्सको व्यापार हिस्सा ९६ प्रतिशतसम्म पुग्दा रमाएर बसिरहेका हवाई माफिया यो टेन्डर आह्वानबाट नराम्रोसँग झस्कियो र कुनै हालतमा निगमले हवाई सञ्जाल नफिजाओस् भनेर साम, दाम, दण्ड, भेद प्रयोग गर्नेतिर अग्रसर हुन थाल्यो । ती हवाई माफियाको चर्तिकला भन्नुपर्ला शतप्रतिशत सरकारी स्वामित्वको राष्ट्रिय ध्वजावाहकले ३६ वर्षको अवधिमा जम्मा चारवटा मात्र जेट विमान खरिद गर्न सक्यो । सोही अवधिमा शतप्रतिशत सरकारी स्वामित्व भएको इथियोपियाको राष्ट्रिय ध्वजावाहकले सय वटाभन्दा बढी जेट विमान खरिद गरेको थियो ।

उक्त पहिलो ऐतिहासिक टेन्डर आह्वानपछि साढे सात वर्षको अन्तरालपछि मिति २०७३ असोज १० मा निगमले दुईवटा वाइडबडीको लागि दोस्रो टेन्डर आह्वान गर्ने आँट गर्‍यो । तर, उही हवाई माफिया र उनका मतियारहरूले वाइडबडी खरिदलाई पनि एक ठूलो 'भ्रष्टाचार काण्ड'मा परिणत गर्न सफल भयो । कात्तिक २५ गते २०७३ मा टेन्डर खोल्दा छवटा मुलुकको १० वटा कम्पनीले प्रस्ताव पेस गरेको थाहा पाएपछि निगमको व्यवस्थापनले खुसी मनायो । अत्यन्त राम्रो प्रतिस्पर्धा भएको बोलपत्र मान्नैपर्‍यो । तर, हवाई माफिया र एक स्वार्थ समूह दुःखी भयो र उनीहरूले सुनियोजित र शृङ्खलाबद्धरूपमा निराधार र झुटो हल्ला फैलाउन सुरु गरियो । ती १० वटा कम्पनीमध्येको एक कम्पनीको स्थानीय एजेन्टले सर्वोच्च अदालतमा मुद्दा नै हाल्यो र बेनामी उजुरीहरू अख्तियारलगायत विभिन्न निकाय र मिडियामा पनि पठाउन सुरु गर्‍यो ।

## गभर्नर

संस्थामा रहेको सेयर र राजनीतिक दलको प्रतिनिधित्व गर्ने बलिया आधारहरू पेश गरेका छन् ।

गभर्नर डा. पौडेलविरुद्ध आयोगमा दर्ता गरेको उजुरीपत्रमा भनिएको छ, 'प्रस्तुत विषयमा नेपाल राष्ट्र बैंकका निवर्तमान गभर्नर महाप्रसाद अधिकारीको पदावधि मिति २०८९ चैत २३ गते समाप्त हुनेमा नेपाल राष्ट्र बैंक नियमावली (नेपाल राष्ट्र बैंक ऐन, २०५८ प्रथम संशोधन, २०६३ समेत मिलाइएको रूपमा) बमोजिम १ (एक) महिना अगावै आवश्यक प्रक्रिया पुर्‍याई गभर्नर नियुक्त गरिसक्नुपर्नेमा मिति २०८१ चैत १० गते मात्र गभर्नर छनौट समिति गठन गरिएको थियो । राष्ट्र बैंक ऐनको दफा १५ उपदफा २ को (क) (खर (ग) मा समितिको अध्यक्षमा नेपाल सरकारका माननीय अर्थमन्त्री पदेन रहने र पूर्वगभर्नरहरूमध्येबाट १ (एक) जना सदस्य तथा विषय विज्ञ (आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय तथा वाणिज्य कानुनको क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरूमध्येबाट नेपाल सरकारले तोकेको १ (एक) जना व्यक्ति सदस्य रहने व्यवस्था छ ।'

'२०८९ चैत १० मा गठित समितिमा राजनीतिक चलखेल हुन थालेपछि पूर्वगभर्नरहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेका विजयनाथ भट्टराईले राजीनामा गरे । यसबाट नै अवाञ्छित कार्यको थालनी भएको प्रष्ट हुन जान्छ । यसपछि पूर्वगभर्नरहरूमध्येबाटको ठाउँमा निवर्तमान गभर्नर महाप्रसाद अधिकारीलाई सिफारिस समितिमा नियुक्त गर्नुले गभर्नर भएको समयमा आफूले गरेका गल्ती कमजोरीहरू ढाकछोप गर्न उत्तराधिकारीको खोजी गर्ने अवसर प्रदान गरेको देखिन आउँछ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २० मा गभर्नर पदमा नियुक्त हुनका लागि आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित वा कानुन विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र यी क्षेत्रहरूमा कम्तीमा पनि १० वर्षको कार्यगत अनुभव भएको हुनुपर्ने योग्यता तोकिएको छ । तर उजुरीमा गभर्नर पौडेलमा यो योग्यता नभएको उल्लेख छ' उजुरी पत्रमा उल्लेख छ ।

'२०७९ मंसिर महिनाको प्रतिनिधिसभा सदस्यमा चितवन जिल्लाको क्षेत्र नम्बर १ मा तेस्रो स्थान प्राप्त गरी पराजित हुनुभएको हो । यसैगरी उपदफा (घ) मा वाणिज्य बैंक वा वित्तीय संस्थामा पाँच प्रतिशत वा सोभन्दा बढी सेयर वा मतदानको अधिकार भएको व्यक्ति तर गभर्नर पौडेल सानिमा बैंकको संस्थापक सेयरधनी रहेको जानकारी प्राप्त भएको छ । यसरी वाणिज्य बैंक संस्थापकलाई नियमनकारी संगठनको प्रमुख बनाएपछि सुशासन कहाँ र कुन कुनामा पुग्छ भनेर अड्कल गर्न सकिँदैन', पत्रमा भनिएको छ ।

डा पौडेल गभर्नर सिफारिस समितिको सदस्यमा चयन भई एक महिना बढी व्यतित गर्ने व्यक्ति हुन् जो नेपाली काँग्रेस पार्टीले मलाई गभर्नर हुन जा भनेर दबाब दियो बाध्यताले मन नहुँदा नहुँदै पनि राजीनामा गरेर आए भनेर पटक-पटक भन्दै आएको विषय पनि उजुरीमा उल्लेख छ । पछिल्लो समय गभर्नर पौडेलले आफूलाई प्राडा लेख्न थालेका छन् । उनको प्राडामा पनि शंका गर्ने धेरै ठाउँ छ । काठमाडौं विश्वविद्यालयले उनलाई कहिले प्राडाको उपाधि दियो यसमा छानबिन गर्न माग गरिएको छ ।

'सामान्य जनमानसमा थाहा हुन आएका उपरोक्त तथ्यहरूबाहेक के-कति र कस्तो अवस्थामा नेपाल सरकारबाट गठित समितिबाट गरिएको अख्तियारको दुरुपयोगको छानबिन गरी नियम कानुनविपरीत नियुक्ति गरिएका नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेललाई पदमुक्त गरियोस् भनी श्रीमान् समक्ष यो उजुरी पेश गरेको छु', पत्रमा भनिएको छ । यसैगरी, योग्यताविहीन व्यक्तिलाई गभर्नरजस्तो पदमा नियुक्ति दिने गभर्नर सिफारिस समितिका सदस्य विष्णुप्रसाद पौडेल, छनौट समिति सदस्यहरू डा. पोषराज पाण्डे र महाप्रसाद अधिकारी र मुख्यसचिव एक नारायण अर्याललाई कारबाही गर्न उजुरीकर्ताले माग गरेका छन् ।

**उजुरीकर्ताले पेस गरेका कारबाही गरिहाल्नुपर्ने बलिया कारणहरू**

गभर्नर डा. विश्वनाथ पौडेलले सफ्टवेयर इन्जिनियरिङमा स्नातक तह अध्ययन गरेका छन् भने रिसोर्स एग्रिकल्चरमा पीएचडीको उपाधि हासिल गरेको देखिन्छ । तर नेपाल राष्ट्र बैंक ऐन २०५८ (प्रथम संशोधन २०६३ समेत मिलाइएको रूपमा) को दफा १५ को उपदफा २ को (क) (ख) र (ग) बमोजिम नेपाल सरकारबाट गठित समितिले उपदफा ३ बमोजिम गभर्नर नियुक्तिको लागि सिफारिस गर्दा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन तथा वाणिज्य कानुन क्षेत्रमा स्नातकोत्तर व्यक्तिहरू हुनुपर्ने उल्लेख छ । यसबाहेक उनी विभिन्न बैंक तथा वित्तीय संस्थामा मुख्य सेयर लगानीकर्ता रहेको देखिएको, नेपाली काँग्रेसको दलको सदस्यता लिएको र राष्ट्र बैंकलाई नै नेपाली काँग्रेसको कार्यालय बनाउने काम भइरहेको उजुरीमा उल्लेख छ । पौडेलले हाल प्राडा लेख्न थालेको तर सो उपाधिमै आशंका देखिन्छ । उनले कुन मितिमा प्राडा उपाधि प्राप्त गरेका हुन् ? काठमाडौं युनिभर्सिटीको कुन बैठक वा कुन मितिको निर्णयबाट प्राडा उपाधि दिइएको हो ? यो विषयको अध्ययन हुनुपर्छ ।' पत्रमा भनिएको छ ।

## पीडित..

समेत खान नदिएर चरम यातना दिएको खुलेको हो ।

यसअघि जिल्ला प्रहरी कार्यालय कास्कीको प्रमुख समेत रहेका एसपी थापाको नेतृत्वमा अनुसन्धान हुँदा स्वार्थको द्वन्द्व समेत हुने स्रोतले दाबी गरेको छ । एसपी थापाले कास्कीको नेतृत्व समाल्दा चर्चित सूर्यदर्शन सहकारी ठगी प्रकरणमा तत्कालीन गृहमन्त्री रवी लामिछानेविरुद्ध परेको पूरक जाहेरी लुकाएर तत्कालीन आईजीपी बसन्त कुँवरलाई समेत झुटो रिपोर्ट गरी संसदीय समितिमा बयान लिन लगाएर फसाएका एसपीले अदालतको आदेशको कार्यान्वयन नगरी मन्त्रीहरूले गरेको भ्रष्टाचारलाई उन्मुक्ति दिई पीडितलाई नै फसाउने षड्यन्त्र गरेको अख्तियार उच्च स्रोतले दाबी गरेको छ ।

भ्रष्टाचार गरेको आरोप लागेका पूर्वमन्त्रीहरूलाई सोधपुछ नै नगरी छोड्ने र पर्दाफास गर्ने आफूलाई चाहिँ अख्तियारका एसपी थापाले विनाकारण अनावश्यक दुःख दिन थालेपछि पीडित लामाले आफूलाई हत्कडी लगाएर राख्न समेत चुनौती दिएका थिए ।

## जीवनराम...

एनओसीको विधान संशोधन गरेका थिए ।

जीवनरामले निर्वाचनको संघारमा एनओसीको विधान संशोधन गरेर आफू तेस्रोपटक अध्यक्ष बन्ने बाटो खुला गरेका हुन् । विशेष साधारणसभाद्वारा संशोधन गरिनुअघि एनओसीको विधानले अध्यक्ष, महासचिवलगायत कार्यसमितिका कुनै पनि सदस्यलाई लगातार दुई कार्यकालपछि पुनः सोही पदमा निर्वाचित हुन अनुमति दिएको थिएन ।

अध्यक्ष श्रेष्ठले विशेष साधारणसभामार्फत सोही प्रावधान संशोधन गरेर चार कार्यकाल पुर्‍याएका हुन् । श्रेष्ठ दुई कार्यकाल एनओसीको अध्यक्ष भइसकेका थिए । एक वर्षअघि नै उनको दोस्रो कार्यकाल पनि सकिएको थियो । तर, केही समयअघि फ्रान्सको पेरिसमा सम्पन्न ओलम्पिक खेलकुदलाई आधार बनाएर तत्काल निर्वाचन सम्भव नभएको भन्दै उनले आफ्नो पदावधि एक वर्ष थप गरेका थिए ।

विधान संशोधनका लागि उनले २०८१ मंसिर १८ गते विशेष साधारणसभा बोलाएका थिए । तर, त्यसअघि नै विशेष साधारणसभामार्फत एनओसीको विधान संशोधन गर्ने कार्यका विरुद्धमा उच्च अदालत पाटनमा रिट दायर भएको थियो ।


सर्वोच्च अदालत, एकल इजलास
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
आदेश
०८१-WO-०७०७
मुद्दाः- उत्प्रेषण।

कमल बहादुर चित्राकार ---------------------------------------- निवेदक

विरुद्ध

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १७ स्थित नेपाल ओलम्पिक कमिटिको अध्यक्ष जिवनराम श्रेष्ठसमेत ---------------------------------------- प्रत्यर्थी

१. निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री हरिहर दाहाल र श्री शान्ती राम खतिवडा तथा अधिवक्ता श्री रन्जु कटुवालले गर्नुभएको बहससमेत सुनियो।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? निवेदन मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण र प्रमाण भए सो समेत उल्लेख गरी आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं २,३,४ र ५ का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नं १ को हकमा आँफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी रिट निवेदनको एकप्रति नक्कल र यो आदेश साथै राखी विपक्षीलाई सूचना दिई पठाई लिखित जवाफ आएपछि वा अवधि व्यतित भएपछि नियम बमोजिम पेस गर्नू।

३. प्रस्तुत निवेदनको अन्तिम किनारा नलागेसम्म, विपक्षी जिवनराम श्रेष्ठबाट प्रेषित पत्रका आधारमा मिति २०८१।९।१३ मा हुने भनिएको नेपाल ओलम्पिक कमिटिको निर्वाचन लगायतका गतिविधि नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी हुन माग गरे तर्फ विचार गर्दा, सर्वोच्च अदालतको ०७३-WO-१२०८ को उत्प्रेषणसमेतको रिट निवेदनमा भएको आदेश बमोजिम 'गृहमन्त्रीस्तरको

उच्च अदालत पाटनमा नेपाल रग्बी संघ, नेपाल स्केटिङ तथा स्केटबोर्डिङ संघ, नेपाल बेसबल तथा सफ्टबल संघ र नेपाल घोडचढी संघका पदाधिकारीहरूले रिट दायर गरेका थिए । उक्त रिटमा आफूहरूलाई सदस्यता दिने विषयको टुङ्गो नलगाई एनओसीको कुनै पनि साधारणसभा वा काम-कारबाही अगाडि नबढाउन आदेशको माग गरिएको थियो ।

सोही रिट निवेदनमा प्रारम्भिक सुनुवाइ गर्दै उच्च अदालत पाटनले पनि 'प्रस्तावित विधान संशोधनको एजेन्डा उपर प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाइ नहुँदासम्म कुनै छलफल तथा निर्णय नगर्नू/नगराउनू । यथास्थितिमा राख्नू' भनी एनओसीको नाममा अन्तरिम आदेश जारी गरेको थियो ।

उच्च अदालत पाटनले २०८१ मंसिर १७ गते नै अन्तरिम आदेश जारी गरेपछि राष्ट्रिय खेलकुद परिषद्ले पनि ओलम्पिक कमिटीलाई विशेष साधारणसभा तत्कालका लागि स्थगित गर्न निर्देशन दिएको थियो । एनओसी राष्ट्रिय खेलकुद परिषद्मा दर्ता रहेको संस्था पनि हो ।

**अदालतको आदेश कार्यान्वयन साटो विशेष साधारणसभामार्फत् विधान संशोधन**

उच्च अदालतको आदेश कार्यान्वयनको साटो नेपाल ओलम्पिक कमिटीले आफ्नो विशेष साधारणसभा स्थगित गर्नुको साटो विशेष साधारणसभामार्फत आफ्नो विधान नै संशोधन गर्‍यो । विशेष साधारणसभाले नेपाल ओलम्पिक कमिटी(एनओसी) पदाधिकारीहरूको कार्यकालसम्बन्धी प्रावधानलाई संशोधन गरेको थियो ।

विशेष साधारणसभाले अध्यक्ष र महासचिवको कार्यकाल अवधि थपसहित अन्य बुँदामा पनि संशोधन गरेको थियो । संशोधित विधानअनुसार नेपाल ओलम्पिक कमिटीमा अध्यक्ष र महासचिवले लगातार चार पटकसम्म उम्मेदवार बन्न पाउने व्यवस्था गरिएको छ ।

विशेष साधारणसभाले कार्यसमितिमा उम्मेदवार बन्न आवश्यक उमेरको हदसम्बन्धी प्रावधानमा पनि संशोधन गरेको छ । यसअघि ७० वर्ष उमेर पुगेका व्यक्तिले एनओसीको निर्वाचनमा उम्मेदवार बन्न पाउँदैन । त्यो प्रावधानलाई संशोधन गरी एनओसी निर्वाचनमा उम्मेदवार बन्न उमेरको हद बढाएर ७५ वर्ष पुर्‍याइएको छ ।

**अदालतको अवहेलनामा श्रेष्ठलाई हुन सक्छ एक वर्ष कैद**

श्रेष्ठले सर्वोच्च अदालतको आदेशलाई सिधै चुनौती दिएकाले अदालतको अवहेलनामा एक वर्षसम्म कैद वा १० हजार जरिवाना हुन सक्नेछ । अथवा अदालतले अवस्था हेरेर दुवै सजाय पनि गर्न सक्छ । अदालतले सबै प्रमाण हेरेर तत्कालका लागि अन्तरिम आदेश जारी गर्ने गर्छ । दोस्रोपटक सुनुवाइ हुँदा अन्तरिम आदेशलाई निरन्तरता दिने कि नदिने भन्ने निर्णय गर्न सक्छ । तर, जीवनराम श्रेष्ठले आदेशको धज्जी मात्रै उडाएनन्, चुनौती दिँदै स्वघोषितरूपमा अनलाइनमार्फत निर्वाचन गरेर आफूलाई तेस्रो कार्यकालका लागि अध्यक्ष बनाए ।

'अदालतले दिएको आदेश नै पालना नगर्नु अराजकता हो, अधिवक्ता तुलसीराम पोखरेलले भने, 'अराजकता देखाउनेमाथि अवहेलनामा कारबाही हुन सक्छ ।' उनका अनुसार अवहेलना ठहरिए श्रेष्ठमाथि एक वर्ष कैद र १० हजार जरिवाना हुन सक्छ । दुवै सजाय गर्ने कि एउटै मात्र गर्ने भन्नेचाहिँ अदालतको आदेशमा निर्भर हुने अधिवक्ता पोखरेलले बताए ।

अवहेलना कारबाहीका लागि अदालतले न्याय प्रशासनसम्बन्धी ऐनको व्यवस्थामा टेकेर गर्ने गरेको छ । उक्त ऐनको दफा १७ को उपदफा १ मा सर्वोच्च अदालतले आफ्नो र आफू मातहतका अदालतको न्याय सम्पादनमा अवरोध गरेमा र फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारबाही चलाउन सक्ने उल्लेख छ ।

'अदालतको अवहेलना गरेको ठहरेमा सम्बन्धित अदालतले कसुरदारलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न सक्नेछ', ऐनको उपदफा ४ मा उल्लेख छ । यसका लागि अब अर्को पेसी वा अदालतको अवहेलनाको निवेदन दर्ता हुनुपर्नेछ । सर्वोच्च आफैँले अर्को सुनुवाइमा हुने बहसलाई आधार बनाउन पनि सक्छ भने अलग्गै निवेदन पनि दर्ता भएर सुनुवाइ हुँदै सजाय पनि गर्न सक्नेछ ।

यसमा श्रेष्ठले सजाय ठहर भएपछि वा सुनुवाइका क्रममा अदालतसँग क्षमा माग्न भने सक्नेछन् । क्षमा मागेमा अदालतले उनलाई माफी दिने वा कम सजाय गर्न सक्छ । यसअघि माफी मागेका आधारमा सजाय माफी गरेका नजिरहरू छन् । तर त्यसका लागि अदालत सन्तुष्ट हुनुपर्ने र अनि मात्र कारबाही तामेलीमा राख्ने यसअघिको परम्परा छ । माफी दिन सक्ने व्यवस्था ऐनको दफा १७ उपदफा (५) मा छ ।

**चेकबुक हरायो**

यस कम्पनीको नाममा प्राइम कमर्सियल बैंक लि. कमलपोखरी शाखामा रहेको खाताको चेक बुकको चेक नं. ००२४३१८२३८ देखी ००२४३१८२४६ सम्म ९ थान चेक मिति २०८२/०३/३२ गते कार्यालयबाट हराएको हुँदा पाउनुहुने महानुभावहरूले तलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध छ । साथै उल्लेखित चेकहरूबाट कसैले गलत नियतबाट कारोबार गर्ने प्रयास गरेमा कारोवार नगर्नुहुन र गरेमा कम्पनी जवाफदेही नहुने कुरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**ताराशक्ति कन्स्ट्रक्सन एण्ड मल्टिपर्पोज प्रा.लि.**
**गल्छि-६, धादिङ, फोन : ९८०२८०७५२९**

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका वीमितहरूले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रिय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिउको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरूको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**बीमा लेख : GLI0610001881**
**नाम : गौरब के.सी. , ठेगाना : राम्जादेउराली-१, पर्वत**

**बीमालेख हरायो**

एल आई सि (नेपाल) लि.ले जारी गरेको मेरो निम्न व्यहोराको बीमालेख हरायको हुँदा फेलापार्नुहुने महानुभावहरूले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

**नाम : केदार बहादुर खड्का**
**ठेगाना : लेले ललितपुर**
**बिमालेख नं. : २३००००४७३**
**मोबाइल नम्बर : ९८४९१६९५९६**

**बीमालेख हरायो**

एल आई सि (नेपाल) लि.ले जारी गरेको मेरो निम्न व्यहोराको बीमालेख हरायको हुँदा फेलापार्नुहुने महानुभावहरूले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

**नाम : तुल्सी कृष्ण खिचा**
**बीमा लेख नं. : ११००२९३५१**
**ठेगाना : नागदेश-०५, भक्तपुर**
**फोन नं. : ९८४९३८४८४०**

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/१०/१६ गतेका दिन दर्ता भएको प्रा.लि.नं.२५४३०० को **महाभारत अर्गानिक एग्रो फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०१ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०८/२९ गतेका दिन दर्ता भएको प्रा.लि.नं.१२९५९८ को **शान्ति कृषि तथा पशुपालन फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/०७ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बसेरा बुटिक होटल प्रा.लि.**
**का.म.न.पा. ११, बबरमहल, काठमाडौं**
**दोस्रो पटक प्रकाशित मिति २०८२/०४/०९**

**बसेरा बुटिक होटल प्रा.लि. (प्रा.लि. नं. २०८०००) लाई इमिरो प्लाजा प्रा.लि. (प्रा.लि. नं. ५४९६८)ले गाभी बसेरा बुटिक होटल प्रा.लि.को नामबाट एकिकृत कारोवार गरिएको जानकारी बारे ।**

यस इमिरो प्लाजा प्रा.लि. (प्रा.लि. नं. ५४९६८) ले बसेरा बुटिक होटल प्रा.लि. (प्रा.लि. नं. २०८०००) लाई गाभ्न मिति २०८२/०४/०१ मा श्री कम्पनी रजिष्ट्रार को कार्यालयको प.सं. ८२/८३, च.नंकम्पनी प्र/२३ को पत्र अनुसार कम्पनी गाभ्ने स्विकृती प्राप्त भएकोले गाभिने कम्पनीको सम्पत्ति, दायित्व गाभ्ने कम्पनी इमिरो प्लाजा प्रा.लि. (प्रा.लि. नं. ५४९६८) ले व्यहोर्ने सकार्ने गरि बसेरा बुटिक होटल प्रा.लि.को नाम तथा साविक इमिरो प्लाजा प्रा.लि. (प्रा.लि. नं. ५४९६८) को रजिष्टर्ड कार्यालयबाट एकिकृत कारोवार गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रद्वारा गोलिया काठरदाउरा**
**लिलाम बिक्री वितरण सम्बन्धि सूचना**
प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०९

यस जनकल्याण सा.व.उ.स. मरिण गा.पा. २, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई मुझे दोभान, मरिण गा.पा.-२, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान १२४ को १४९२.७८ क्यू. फि गोलिया काठ र दाउरा १.०० चट्टा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ, । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनकल्याण सा.व.उ.स.**
**मरिण गा.पा.-२, सिन्धुली**

**बोलपत्रद्वारा गोलिया काठरदाउरा**
**लिलाम बिक्री वितरण सम्बन्धि सूचना**
प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०९

यस केवलचुली सा.व.उ.स. हरिहरपुरगढी गा.पा.-७, सिन्धुलीबाट आ.व.२०८१/०८२ मा उत्पादन भई क्वाटर, हरिहरपुरगढी गा.पा.-७, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान २०८ को २७७२.८९ क्यू. फि गोलिया काठ र दाउरा २.०० चट्टा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री केवलचुली सा.व.उ.स.**
**हरिहरपुरगढी गा.पा.-७, सिन्धुली**

# गेट कलेज र जापानको टोनो सहरबीच सहकार्य गर्ने सम्झौता

■ आर्थिक संवाददाता
काठमाडौं, साउन ८



काठमाडौंस्थित ग्लोबल एकेडेमी अफ टुरिजम एन्ड हस्पिटालिटी एजुकेसन (गेट) र जापानको टोनो सहरबीच पर्यटन तथा आतिथ्य सत्कार क्षेत्रमा विद्यार्थी आदानप्रदानका लागि त्रिपक्षीय सहकार्य सम्झौता भएको छ ।

सम्झौतापश्चात नेपाली विद्यार्थीहरूलाई जापानमा इन्टर्नसिपको अवसर प्रदान गर्नुका साथै दुई देशबीच सांस्कृतिक आदानप्रदान र मानव संसाधन विकासमा नयाँ आयाम थप्नेछ । सम्झौताको मुख्य उद्देश्य नै नेपाली विद्यार्थीहरूलाई जापानी आतिथ्य सत्कार उद्योगको प्रत्यक्ष अनुभव दिलाउनु हो । यसबाट नेपाल र जापानबीच अन्तर्राष्ट्रिय आदानप्रदान र बहुसांस्कृतिक सहअस्तित्वलाई प्रवर्द्धन हुने जनाइएको छ । यसले भविष्यमा जापानमा विदेशी मानव संसाधन स्वीकार गर्ने आधार तयार पार्न पनि महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।

सम्झौतामा गेट कलेज, टोनो सिटी र टोनो कं, लिमिटेडका प्रतिनिधिहरूले हस्ताक्षर गरेका छन् । टोनो सिटीका मेयर काजुहिको टाडाले यस सहकार्य 'अत्यन्त अर्थपूर्ण' रहेको बताए । उनका अनुसार यसले नेपालमा पर्यटन र आतिथ्य सत्कार क्षेत्रमा समर्पित गेटका विद्यार्थीहरूलाई जापानमा व्यावहारिक अनुभव लिने अवसर प्रदान गर्छ । टोनो कं., लिमिटेडका सीईओ सुकी सुजुकीले नेपालको गेट कलेज र टोनो सिटीसँगको ऐतिहासिक इन्टर्नसिप सम्झौतालाई टानोको पर्यटन विकासका लागि महत्वपूर्ण अवसरका रूपमा व्याख्या गरिन् । सुजुकीले ग्रामीण क्षेत्रमा आन्तरिक पर्यटनको पुनरूत्थानका लागि अन्तर्राष्ट्रिय दृष्टिकोण भएका मानव संसाधनको विकास र बहुसांस्कृतिक समझदारीलाई बढावा दिनु आवश्यक रहेकोमा जोड दिइन् । यो सम्झौतापछि गेटका विद्यार्थीहरूले जापानको टोनो सहरमा पर्यटन, आवास र आतिथ्य सत्कार क्षेत्रमा इन्टर्नसिपका अवसरहरु प्राप्त गर्ने छन् ।

# नाइमा मोबिलिटी सोमा म्याक्सअस मिफा ७ लन्च हुने

■ आर्थिक संवाददाता
काठमाडौं, साउन ८

नाइमा मोबिलिटी सोमा म्याक्सअस मिफा ७ एमपीभी विद्युतीय कार लन्च हुने भएको छ । यही साउन २१ गतेदेखि २५ गतेसम्म भृकुटीमण्डपमा आयोजना हुन लागेको नाइमा मोबिलिटी सोमा सो विद्युतीय कार सार्वजनिक गर्न लागिएको हो ।

चाइनाको प्रख्यात साइक मोटर्स ग्रुपअन्तर्गतको म्याक्सअस ब्रान्डको यो गाडी अत्यन्त सुविधायुक्त प्रिमियम गाडीमा गनिन्छ । केही समयअघि यही म्याक्सअस ब्रान्डकै इटेरोन ९ विद्युतीय लक्जरी ४ डब्लुडी पिकअप समेत नेपालको मनाङ जिल्लामा लगेर लन्च गरिएको थियो । सात सिट क्षमताको यो लक्जरी एमपीभीलाई म्याक्सअसको नेपालका लागि आधिकारिक वितरक हिमालय मोट्र्क्सले भित्र्याउन लागेको हो । हिमालयन मोट्र्क्स हिमालय अर्गनाइजेसनअन्तर्गतको कम्पनी हो । यस अर्गनाइजेसनका प्रबन्ध निर्देशक सौरव थापाका अनुसार यो मिफा ७ नेपालमा प्रिमियम कार चढ्नेहरूको लागि अत्यन्त उपयुक्त हुनेछ ।

९० किलोवाट आवर ब्याट्री क्षमता रहेको म्याक्सअस मिफा ७ ले डीसी फास्ट चार्जर सर्पोट गर्नेछ । ३० मिनेटमा नै ३० देखि ८० प्रतिशतसम्म चार्ज हुने भनिएको यस मल्टी-प्रपोज भेहिकलमा इलेक्ट्रिक स्लाइडिङ ढोका, एईबी, ब्लाइन्ड स्पट मोनिटरिङ, ३६० डिग्री क्यामेरा, लेन-किप असिस्ट, स्वचालित इमर्जेन्सी ब्रेकिङ, अडप्टिभ क्रुज कन्ट्रोलजस्ता सुरक्षा फिचर्स रहेका छन् । साथै, यो गाडीले युरो एनक्याप, सी- एनक्याप, ए-एनक्यापमा ५ स्टार रेटिङ पाएको छ । यस गाडीको ९० केडब्लुएचको उच्च क्षमताको



ब्याट्रीले छ सय ३५ किमी सम्मको उच्चतम दूरी तय गर्ने क्षमता राख्छ ।

प्रिमियम ड्युल १२ दशमलव तीन इन्च डिजिटल डिस्प्लेका साथै अड्वान्स्ड मल्टिमिडिया सिस्टम, ठूलो साइजको प्यानोरामिक सनरूफ, हाई-परफर्मेन्स एक सय ८० किलोवाट इलेक्ट्रिक मोटर(३५० एनएम टर्क), मसाज सिट समेत यस गाडीको विशेषता रहेको छ । आठ वर्ष वा दुई लाख किमी ब्याट्रीमा तथा पाँच वर्ष वा एक लाख किमी मोटर वारेन्टी भएको यो म्याक्सअस मिफा ७ इलेक्ट्रिक एमपीभीले लक्जरी र आरामको नयाँ मानक स्थापित गर्दै विश्वस्तरीय डिजाइन, हाइ-टेक फिचरहरूका साथ असाधारण सुविधाहरूको संयोजन गरेर परिवार र व्यावसायिक यात्राको लागि अद्वितीय अनुभव प्रदान गर्ने दाबी कम्पनीको रहेको छ ।

# सामसुङको ग्यालेक्सी ३६ फाइभ जी नेपालमा

■ आर्थिक संवाददाता
काठमाडौं, साउन ८

स्मार्टफोन ब्रान्ड सामसुङले ग्यालेक्सी सिरिजमा नयाँ ग्यालेक्सी ३६ फाइभ जी नेपाली बजारमा ल्याएको छ । कम्पनीअनुसार यो स्मार्टफोन दुई भेरियन्टमा बिहीबारदेखि नेपालभरका आधिकारिक रिटेल स्टोरहरूमा उपलब्ध हुनेछ ।

कम्पनीले यस फोनको मूल्य नेपालमा ८/१२८ जीबीको मूल्य ३६ हजार नौ सय ९९ रूपैयाँ र ८/२५६ जीबीको ४१ हजार नौ सय ९९ रूपैयाँ तोकेको छ । यो फोनमा नयाँ एआई एनोभेसन समावेश छ । गुगलसँगको सर्कल टु सर्च र जिमिनी लाइभजस्ता एआई फिचरहरु यो फोनमा रहेका छन् । साथै, यो फोनमा छ दशमलव सात इन्चको एफएचडी सुपर एमोलेड स्लिम बेजल डिस्प्ले, एक सय २० हर्ज रिफ्रेस रेट र भिजन बुस्टर टेक्नोलोजी रहेको छ ।

यसैगरी, यसको ५० एमपी ओआईएस ट्रिपल क्यामेराले स्टेबल भिडियो र कम प्रकाशमा पनि उत्कृष्ट तस्बीरहरु खिच्छ । यसमा अटो नाइट मोड र नाइटोग्राफी फिचरहरु छन् । अगाडि र पछाडि दुवै क्यामेरामा ४ के भिडियो रेकर्डिङ सपोर्ट, फोटो रिमास्टर र अब्जेक्ट इरेजरजस्ता एडिट टुलहरु पनि उपलब्ध छन् । साथै, यसमा पाँच हजार एमएएच ब्याट्री र २५ वाट फास्ट चार्जिङले पूरै दिन पावर दिन्छ । छ वर्षको सुरक्षा अपडेट र छ जेनेरेसनसम्मको एन्रोइड अपग्रेड ग्यारेन्टीका साथ यो फोन लामो समय टिक्ने फोन हो । वान यूआई ७ मा चल्ने यो फोनमा क्लिनर होम स्क्रिन, अपडेटेड विगेट्स र न्युबारजस्ता नयाँ फिचरहरु छन् ।

# नेपालगञ्ज–दिल्ली उडानका लागि प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराइने

नेपालगञ्ज साउन ८ । बाँकेमा प्रमुख राजनीतिक दल नेपाली काँग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले नेपालगञ्जदेखि दिल्ली उडानका लागि पहल गर्न प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराउने भएका छन् ।

नेपालगञ्जदेखि दिल्ली उडानले यहाँको अर्थतन्त्र चलायमान हुने हुँदा त्यसका लागि प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराउन लागिएको हो । सो उडानका लागि यहाँका उद्योगी, व्यवसायी तथा राजनीतिक दलसहितको सर्वपक्षीय बैठकले प्रधानमन्त्री ओलीको आगामी भदौ अन्तिम साता हुने भारत भ्रमणमा नेपालगञ्ज-दिल्ली उडानलाई एजेन्डा बनाउन आग्रह गरिएको छ । नेकपा (एमाले) बाँकेका अध्यक्ष निरक गुरूङले एजेन्डालाई प्राथमिकताका साथ उठाउने र त्यसको टुङ्गो नलाग्दासम्म नछाड्न आग्रह गर्दै यसको फाइदा र बेफाइदाका बारेमा स्पष्ट हुन जरूरी भएको बताए । 'अब यसलाई उठाएर बीचमा छाड्ने होइन, यस क्षेत्रको विकासका लागि निरन्तर लागिरहनुपर्छ', उनले भने ।

नेपाली काँग्रेस बाँकेका सचिव सुधाँशु कोइरालाले सबै दललाई विकासका सवालमा एकै ठाउँमा उभिएर अघि बढ्न अनुरोध गर्दै यस्ता विषयले नेपालगञ्जको परिचय स्थापित हुने बताए । प्रधानमन्त्रीको निकट भविष्यमा हुन लागेको मित्र राष्ट्र भारतको भ्रमणमा यो विषयलाई प्रमुखताका साथ उठाउन पहल गर्ने निर्णय गरिएको उद्योग वाणिज्य सङ्घका महासचिव भीमबहादुर रानाभाटले बताए । रानाभाटका अनुसार नेपालगञ्ज-दिल्ली उडानको दबाब बढाउन गत जेठ २३ गते भएको सर्वपक्षीय सरोकारवालाको भेलाले सङ्घका अध्यक्ष टंकबहादुर धामीको संयोजकत्वमा 'नेपालगञ्ज-दिल्ली उडान दबाब समूह' गठन गरेको थियो ।

# याडियाले तीन वटा नयाँ इलेक्ट्रिक स्कुटर नेपाली बजारमा ल्याउने

काठमाडौ साउन ८ । नेपालमा याडियाको आधिकारिक वितरक कुजु नेपाल प्रालिले तीन वटा नयाँ विद्युतीय सवारी साधन बजारमा ल्याउने भएको छ ।

याडियाको भिलक्स सिरिजका तीनवटा अत्याधुनिक इलेक्ट्रिक स्कुटरहरूको नाइमा मोबिलिटी सोमा आधिकारिकरूपमा सार्वजनिक गर्न लागिएको हो । कम्पनीले भिलक्स फास्ट चार्जिङ, भिलक्स यु र भिलक्स एचलाई सार्वजनिक गर्न लागिएको कम्पनीले जनाएको छ । यसमार्फत नेपाली सवारी प्रयोगकर्ताहरूले नयाँ युगको सहरी मोबिलिटी अनुभव गर्नेछन् । कम्पनीका अनुसार भिलक्स फास्ट चार्जिङ अब मात्रै २० मिनेटमा ८० प्रतिशत चार्ज हुनेछ । ७६ भी ३० एएच एलएफपी ब्याट्रीसहितको भिलक्स फास्ट चार्जिङ स्कुटरले एक सय १० किमीसम्मको रेञ्ज दिन्छ । यो स्कुटर द्रूत गतिमा काम गर्ने, डेलिभरी सेवामा संलग्न वा दैनिक यात्रा गर्नेहरूका लागि उपयुक्त विकल्प हो । यसमा ३२ सयबाट मोटर, ६२ किमी/घण्टा गति र एक सय ७२ एनएम टर्क रहेको छ ।

यसैगरी, कम्पनीको भिलक्स यु डुअल ७४ भी २० एएच ब्याट्री सिस्टमद्वारा सञ्चालित छ । यसले एक सय ४० किमीसम्म रेञ्ज प्रदान गर्ने कम्पनीले जनाएको छ । साथै, यसमा ४९ सय वाट शक्तिशाली मोटर, ८० किमी/घण्टा गति र १७६ एनएम टर्क रहेको छ । यसको 'यु' अर्थ नै अल्ट्रा पर्फर्मेन्स रहेको कम्पनीले जनाएको छ ।

कम्पनीको भिलक्स एच दैनिक प्रयोगकर्ताहरूका लागि सहज, भरपर्दो र सुलभ मूल्यमा उपलब्ध तर शक्तिशाली मोडेल हो । यसमा ७२ भए ३० एएच ब्याट्री छ, यसले एक सय किमीसम्म रेञ्ज दिन्छ । यसमा ३२ सय वाट मोटर, ६२ किमी/घण्टा टप स्पिड, र १७२ एनएम टर्क रहेको छ । यसको 'एच'को अर्थ हाई पर्फर्मेन्स हो ।

## घर तथा जग्गा लिलाम बिक्रीको लागि बोलपत्र

**प्रकाशित मिति: २०८२/०४/९**
**सूचना नं.: लिलाम-१/०८२/८३**

हालसम्म विभिन्न २४ बटा सहकारी संस्था एकीकरण सहित सञ्चालनमा रहेको यस किसान बचत तथा ऋण सहकारी संस्था लि.को नाममा संस्था एकीकरण प्रक्रिया र अन्य विभिन्न प्रक्रिया मार्फत दर्ता श्रेस्ता कायम भई आएको र संस्थाको प्रयोगमा आवश्यकता भन्दा बढी रहेका सम्पत्ति बिक्री गर्ने सम्बन्धमा संस्थाको २९औं साधारणसभाबाट निर्णय भए बमोजिम तपसिलमा उल्लेखित जग्गा एवम् उक्त जग्गामा बनेको घर टहरासमेत जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका सर्तको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरुले संस्थाको आर्थिक प्रशासन विभागबाट आवश्यक जानकारी हासिल गर्न र बोलपत्र खरिद गर्न सक्नेछन् ।
२. इच्छुक बोलपत्रदाताले २०८२/०५/१२ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी खण्ड (क) को लागि रु.५,०००/- (पाँच हजार रुपैयाँ मात्र) र खण्ड (ख) को लागि रु.१,०००/- (एक हजार रुपैयाँ मात्र) रकम यस संस्थाको लेखा शाखा बुझाई बोलपत्रदाता कानुनी व्यक्ति भए फर्म दर्ता र नवीकरण प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।
३. बोलपत्रदाताले कुनै एक वा दुबै खण्डका सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नेछन् ।
४. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३६औं दिनको १२:०० बजे भित्र यस संस्थामा दर्ता गरी सक्नुपर्नेछ ।
५. संस्थामा दर्ता भएका बोलपत्रहरु ३६औं दिनको १:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा संस्थाको मुख्य कार्यालयमा खोलिनेछ । तर, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. लिलाम बिक्री हुने जग्गा तथा घर हेर्न चाहनुहुने बोलपत्रदाताले बोलपत्र फाराम खरिद गरेपश्चात कार्यालय समयभित्र आर्थिक प्रशासन विभागमा सम्पर्क राख्नुपर्नेछ ।
७. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम संस्थाको नाममा ग्लोबल आईएमई बैंक, गैंडाकोट शाखामा रहेको खाता नं.१४७०१०१००००१८९ वा कुमारी बैंक, गैंडाकोट शाखामा रहेको खाता नं.१०६००७४१९००००००२ मा दाखिला गरी दाखिला भौचर वा यस संस्थाको नाममा जारी भएको कम्तीमा साठी दिन म्याद भएको बैंक जमानत (बिड बण्ड) वा एकाउण्टपेयी चेक पेश गर्नुपर्नेछ ।
८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

**तपसिल**

| जग्गाधनीको नाम | खण्ड | नगरपालिका/गा.वि.स./वडा नं. | कित्ता नं. | विवरण | किसिम | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|---|---|
| किसान बचत तथा ऋण सहकारी संस्था लि. | क | गैंडाकोट ४।क | ३०३९ | आवादी (रैकर निजी) | अब्बल | १-८-३-२ |
| | | गैंडाकोट ४।क | ३०४३ | आवादी (रैकर निजी) | अब्बल | ०-६-३-२ |
| | | गैंडाकोट ४।क | २९९० | आवादी (रैकर निजी) | अब्बल | १-३-१-१ |
| | | गैंडाकोट ४।क | २९९२ | आवादी (रैकर निजी) | अब्बल | ०-२-०-० |
| | | गैंडाकोट ४।क | साविक सहज अस्पताल सञ्चालनमा रहेको (कि.नं. २९९०, २९९२ र ३०४३ मा बनेको पक्की भवन एवम् कि.नं. २९९०, ३०३९ र ३०४३ मा बनेका टहरा | | | १७६२ व.फि. बेस सहित ५२८६ व.फि. |
| | ख | साविक अर्ग्यौली ६।क हाल कावासोती न.पा. १७ | १२४ | आवादी (रैकर निजी) | अब्बल | ०-१-० विघा |

द.नं. ४१/०५२/०५३ "समृद्ध सदस्य, दिगो साकोस"
उत्कृष्ट सेवा तथा सुरक्षाको लागि
किसान बचत तथा ऋण सहकारी संस्था लि.
Kisan Saving & Credit Co-operative Ltd.
गैंडाकोट-८, नवलपुर, फोनः ०७८-५०१६२२, ५०३२०५
KISCCU | ACCESS BRONZE

गैंडाकोट-८, नवलपुर । फोनः ०७८-५०१६२२, ५०३२०५
E-mail: info@kisan.org.np, Web: www.kisan.org.np, www.facebook.com/kisansaccos

## धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२/०४/०९ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले **मुख्य शाखा**बाट उपभोग गरेको कर्जाको सावाँ, ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८१/११/०४ गते सौर्य दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ -पैतिस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम **कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा** समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम :** श्री युनिक बचत तथा ऋण सहकारी संस्था लि. । **रजिष्टर्ड ठेगाना :** ल.पु.उ.म.न.पा.-०१, ललितपुर । **हालको ठेगाना :** कुपण्डोल, ललितपुर **दर्ता नं:** ४८२/०६५/०६६

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : मिथिला खड्का (अध्यक्ष )**<br>ससुरा : नेत्र ध्वज खड्का<br>पति : राजेन्द्र ध्वज खड्का<br>ना प्र नं. : ४३६८५, ललितपुर<br>साविक ठेगाना: दिङ्गला, भोजपुर<br>ठेगाना : ल.उ.म.न.पा.-०१, ललितपुर | **२) नाम : जीवन बस्नेत (उपाध्यक्ष )**<br>बाबु : भक्त बहादुर बस्नेत<br>बाजे : रिपुर्मदन बस्नेत<br>ना प्र नं. : ६८८४/३३०८, काठमाडौं<br>साविक ठेगाना: सिंगिया ४, सुनसरी<br>हालको ठेगाना : ल.उ.म.न.पा.-०१, ललितपुर |
| **३) नाम : लवेन्द्र सिंह मल्ल (सचिव )**<br>बाबु : हरि बहादुर सिंह मल्ल<br>बाजे : दिप बहादुर सिंह मल्ल<br>ना प्र नं. : ४०६२८/४२६२८, सुनसरी<br>साविक ठेगाना: सिंगिया ४, सुनसरी<br>ठेगाना : धोबिघाट, ललितपुर | **४ ) नाम : मनोज कुमार रावपोट्टी (कोषाध्यक्ष )**<br>बाबु : के.तिर्थन पोट्टी<br>बाजे : एस.कृष्णण पोट्टी<br>ना.प्र.नं : ६७१०२०/९३, कैलाली<br>साविक ठेगाना: धनगढी ५, कैलाली<br>ठेगाना : ल.उ.म.न.पा.-०१, ललितपुर |
| **५) नाम : पदम बहादुर खड्का (संचालक)**<br>बाबु : रत्न बहादुर खड्का<br>बाजे : जंग ध्वज खड्का<br>ना प्र नं. : ५९/२९६४, सिन्धुपाल्चोक<br>साविक ठेगाना : कालिका ९, सिन्धुपाल्चोक<br>ठेगाना : ल.उ.म.न.पा.-०१, ललितपुर | **६) नाम : इसा ढकाल (संचालक )**<br>बाबु : भवानी प्रसाद दाहाल<br>पति : पेमेन्द्र पुरुष ढकाल<br>ना प्र नं. : ९४७४४, ललितपुर<br>साविक ठेगाना : ल.पु.म.न.-३, ललितपुर |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री एस.कृष्ण पोट्टीको नाती श्री के.तिर्थन पोट्टीको छोरा ललितपुर जिल्ला ललितपुर गा.वि.स./न.पा. वडा नं. १ बस्ने **मनोज कुमार रावपोट्टीको** नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ललितपुर गा.वि.स./न.पा. वडा नं. ४ ख को कित्ता नं.१२८७ को क्षेत्रफल ०-७-१-० घर जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री कृष्ण लाल उप्रेतीको नाती श्री यज्ञ प्रसाद उप्रेतीको छोरा काठमाडौ जिल्ला काठमाडौ गा.वि.स./न.पा. वडा नं. ३२ बस्ने **लक्ष्मी प्रसाद उप्रेतीको** नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौ जिल्ला काठमाडौ गा.वि.स./न.पा. वडा नं. ३२ को कित्ता नं. ५५० को क्षेत्रफल २०८.०४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु. ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD.** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६०००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै मुख्य शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको मुख्य शाखा कार्यालयमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
१२) सुरक्षणमा रहेका धितोहरुको आशिंक रुपमा पनि लिलाम गर्न सकिनेछ ।
१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop

आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय

# हवाई यात्रा झन्झन् जोखिममा

नेपालको हवाई यात्रा आफ्नै कमजोरी र लापरबाहीका कारण झन्झन् जोखिममा पर्दै गएको छ। हवाई कम्पनी र सरकारको नियमन गर्ने निकायको हदैसम्मको लापरबाहीले यस्तो स्थिति उब्जिएको भनेर विभिन्न अध्ययन प्रतिवेदनले सधैँजस्तो औँल्याइरहेको पाइन्छ। तर त्यसमा सुधार गरिएको भन्नेचाहिँ देखिँदैन। सम्भवत: यस्तै कारणले होला एउटा पूरै महादेशमा नेपालका विमानमाथि लागेको प्रतिबन्ध दुई दशकको हाराहारीमा आइपुग्दा पनि खुलेको छैन। पछिल्लो समय युरोपकै एउटा देशको राजदूत नियुक्त गर्ने सन्दर्भमा संसदीय सुनुवाइ समितिले तिनको भावी योजनाबारे सोधेको थियो। उनले युरोपमा उडान खोल्नेतर्फ आफ्नो विशेष पहल हुने बताए तर उनको यस्तो नियुक्तिको एक वर्ष पुग्दासम्म प्रतिबन्ध हटाउनेतर्फ कुनै पहल भएको देखिँदैन। बरु यस्तो प्रतिबन्धलाई मलजल पुग्ने गरी विमान दुर्घटना भने भइरहेका छन्। त्यसमा मानवीय त्रुटि औँल्याइरहिएको देखिन्छ तर त्यसमा सुधार गरिएको भन्ने विषय भने आउँदैन। केहीअघि विमानस्थलमा नै भएको एउटा ठूलो दुर्घटनाको प्रतिवेदनले झन् डरलाग्दो स्थिति नै प्रकट गरेको छ, जो अनुगमनका सन्दर्भमा दुखःद हो।

एक वर्षपहिले विमानस्थलमा नै सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा पर्‍यो। त्यसमा १८ जनाको मृत्यु भयो। सरकारले त्यसै दिन पाँच सदस्यीय छानबिन आयोग बनायो। त्यही आयोगले दिएको प्रतिवेदनमा दुर्घटनाको प्रमुख कारण भनी जे उल्लेख भएको छ त्यो धेरै डरलाग्दो छ। यो कारणलाई होइन भनेर कसैले भनेका छैनन् तर अनुगमन गर्ने निकायका कुनै पनि पदाधिकारी र स्वयम् विमान कम्पनीका पदाधिकारी कसैले पनि यस्तो लापरबाहीबापत कसैले पनि केही भोग्नुपरेको देखिएन। हवाई क्षेत्र जोखिमयुक्त रहेको देखिने क्षेत्र पनि यही हो। प्रतिवेदनले दुर्घटनाको मुख्य कारणमा खराब मौसम, जहाजको इन्जिन वा अरु प्राविधिक समस्या होइन भनेको छ। निश्चय नै यो विमान कुनै इन्जिन फेल भएर वा खराब मौसममा डाँडामा ठोक्किएर दुर्घटना भएको थिएन। यसको कारण हो, मानवीय त्रुटि। प्रतिवेदनको पहिलो बुँदामा पाइलटको त्रुटि भनेको छ। उल्लेख भएअनुसार 'टेकअफ'का क्रममा जहाजको 'नोज' प्रतिसेकेन्ड ३ डिग्री उचालिनुपर्नेमा उक्त जहाजको 'पिच रेट' ५.५ डिग्री प्रतिसेकेन्ड रहेको, जहाजको 'नोज' अत्यधिक उचालिएर गति कम हुँदा 'डिप स्टल' भएर जहाज खसेको, पाइलटले धेरै उडान गरेका भए पनि उनीहरूले विगत दुई वर्षमा सौर्यका दुई जहाज उडाउँदा १८ पटकभन्दा बढी 'पिच रेट'को मापदण्ड उल्लंघन भएको, 'टेकअफ' गति मापन गर्ने 'स्पिड कार्ड'मा यी पाइलट र सौर्यका अन्य पाइलटले बारम्बार गल्ती दोहोर्‍याएको अवस्थामा पनि यो विमान कम्पनीले कहिल्यै सुधार नगरेको देखिएको आदिआदि।

प्रतिवेदनको अर्को बुँदामा यो एयरलाइन्सका जहाज उडानमा लापरबाही भइरहेको स्पष्ट हुँदाहुँदै पनि नागरिक उड्डयन प्राधिकरण (क्यान)ले अनुगमन र हस्तक्षेप गरेको देखिएन भनेको छ। बरु गैरव्यावसायिक उडानको अनुमति दिने, गैरव्यावसायिक उडानमा अनावश्यक प्राविधिक कर्मचारी राखेको आदि पनि यही त्रुटिभित्र पर्छन्। ककपिटमा भएको संवाद पनि शंकायुक्त रहेको भनिएको छ। जहाज उडान र उपकरणको अनुगमनको जिम्मेवारीमा रहेका को-पाइलटले जहाज बढी उचालिएपछि अस्पष्ट शब्दमा मात्र प्रतिक्रिया दिएको अडियो रेकर्ड भएको पाइयो तर त्यसपछि पनि कुनै स्पष्ट निर्देशन दिन सकिएको पाइएन।

उल्लिखित विवरण धेरै घातक छन्। मुख्य कुरा यस्ता कैफियत भेटिँदा/देखिँदा पनि अनुगमन गर्ने निकाय मौन बस्नु गम्भीर आपत्तिको विषय हो, जसले देशको आन्तरिक हवाई यात्रालाई भयावह बनाउँछ। यसमा सरकार मौन बसेर हुँदैन। तुरुन्तै उचित कदम चाल्न जरुरी छ।

## अर्थ — वित्तीय शब्दकोष



ऋषिलाल श्रेष्ठ

### Consolidated Income Statement
### (संयुक्त आय विवरण)

एक-आपसमा सम्बन्ध भएका दुई वा दुईभन्दा बढी कम्पनीहरूको आयलाई एउटै कम्पनीको आवको रूपमा प्रस्तुत गरिएको विवरण।

### Consolidated Retained Earning
### (संयुक्त हकको आय)

संयुक्त आर्थिक विवरण वा लेखा तयार भएको कम्पनीहरूको एकमुष्ट गरिएको आ-आफ्नो कम्पनीको आय।

# देशको कानुन, मिचाहा प्रवृत्ति र भ्रष्टाचार



● रविन्द्र घिमिरे ●

> नैतिक शिक्षा र देशप्रेम शिक्षादेखि कानुनी शिक्षा विद्यालय तहदेखि नै हुनुपर्छ।

हरेक देशको नागरिकले राज्यको कानुनको पालना गर्नु अनिवार्य हुन्छ। शासन प्रणाली चाहे प्रजातन्त्र होस्, लोकतन्त्र होस् वा गणतन्त्र नै किन नहोस् ? जुनसुकै देशमा पनि कानुनी सन्दर्भमा सबै नागरिकलाई एकै किसिमले बाँधिएको हुन्छ। कानुन भनेको कुनै पनि देशको आधार हो र सामाजिक, राजनीतिक, आर्थिक र नैतिक स्थायित्वको मेरूदण्ड हो। त्यसैले राज्यको कानुनलाई तोड्नु, बेवास्ता गर्नु वा यसको विपरीत आचरण गर्नु गम्भीर अपराध मानिन्छ। यदि कसैले कानुन मानेन भने त्यसले केवल कानुनी संकट मात्र ल्याउँदैन, समाजभित्र विद्रोह र असन्तोषको भावना पनि फैलिन थाल्छ। चाँडोतन्त्र हुनु, राज्यको कानुनलाई धज्जी उडाउनु र राज्यको कानुनविपरीत कार्य गर्नु अपराध हो। त्यसैले हरेक नागरिक राज्यको कानुनभन्दा बाहिर जानु हुँदैन, उसलाई कानुनले बाँधेर राख्नै पर्छ। अन्यथा विद्रोह हुनुको साथै असल मानिसमा वितृष्णा पैदा हुने गर्दछ। कानुनले कसैलाई काखा र कसैलाई पाखा गर्नु हुँदैन र यस्तो गर्छु भन्ने सोच्नु पनि हुँदैन। यो सबैका लागि मान्य र समान हुनुपर्छ।

कानुन मिचाहा प्रवृत्ति भनेको कुनै पनि देशमा केवल कुनै व्यक्तिको व्यक्तिगत गल्ती वा महानता होइन। यो सामाजिक अन्याय हो। यसले समाजलाई नै दूषित गराउँछ र राज्यव्यवस्थाप्रति पनि गम्भीर अपमान हो र अपराध पनि हो। त्यसैले जब मानिसले कानुनलाई हातमा लिन्छ, उसले समाज र राष्ट्रलाई नै घात गरेको हुन्छ। जब व्यक्ति वा संस्था कानुनभन्दा माथि आफूलाई ठान्दछन् र यस्तो व्यवहार देखाउँछन्, त्यो देशमा लोकतन्त्र पनि कमजोर हुनुको साथै शासकीय भ्रष्टाचार पनि बलियो बन्दै जान्छ। देशमा भ्रष्टाचार हुनु र कानुनको उल्लंघन हुनु भनेको देशको अन्तर्राष्ट्रियस्तरमा बदनाम हुनु त छँदैछ, यसले हुनेखानेले समाजमा उच्छृंखलता पैदा गर्नुको साथै सोझासादा जनता जहिल्यै पिल्सिने बनाउँछ। किनकि भ्रष्टाचार र मिचाहा प्रवृत्ति समाजमा देखाउनु भनेको भ्रष्ट आचरण गर्नु हो। चाहे त्यो पैसा होस् या पदमा अनि आफ्नो पावरमा।

अहिलेको वास्तविकता हेर्ने हो भने नेपालमा हिंड्ने बाटोमा होस् या सवारी चलाउँदा, साथै सार्वजनिक स्थलमा अनि सेवा लिने ठाउँमा मिचाहा प्रवृत्ति अत्यन्तै छ। जताततै ठेलमठेल गर्न खोज्ने, लाइनमा बस्न नजान्ने, आफैँलाई हतार हुने, सडकमा गाडी चलाउँदा अनि लोकल सवारीसाधनमा पनि मिचाहा प्रवृत्ति देखिन्छ। पढेको नगरिकले नै आज समाजलाई माथि उठाउन सकेका छैनन्। बाहिरीरूपमा नागरिककै मिचाहा प्रवृत्ति त छँदैछ, अन्य क्षेत्रमा पनि नागरिकले होस् वा राज्य व्यवस्थामा बस्नेले होस्, आफ्नो तर्फबाट गर्ने काम न त समयमा गरेको देखिन्छ न त कानुनको सम्मान गरेर काम गरेको देखिन्छ। त्यसको साथै न त जनताले समयमा न्याय पाएको अनुभूति गर्न सक्छन्। ढिलो न्याय पाउनु भनेको न्याय नपाउनुसरह हो र जनता अन्यायमा बस्नुपर्ने बाध्यता हो।

आजकाल हामीले टेलिभिजन, पत्रपत्रिका, रेडियो तथा सामाजिक सञ्जालमा हेरौँ वा सुनौँ हरेक दिन भ्रष्टाचारका समाचारहरु प्रशस्त पाइन्छन्। यसले देशको आन्तरिक संरचनालाई मात्र नभई, अन्तर्राष्ट्रिय छविलाई पनि गम्भीररूपमा प्रभावित पारिरहेको हुन्छ साथै नेपाल ट्रान्सपरेन्सी इन्टरनेसनलको नेपालको भ्रष्टाचारको सूचकांक दयालु र लाजमर्दो छ। यसलाई सुधार गर्न सकिएन भने आउने पुस्ताले झन् देशमा शिर ठाडो पार्नसक्ने अवस्था नै नआउला भन्न सकिन्न। नेपालमा अझै पनि आफ्नै पद र पैसाले अधिकारको दुरूपयोग गर्दै आएका छन्। आजको दिनमा पनि पहुँचवालाले सधैँ रोजगारी पाउनु, विभिन्न ठाउँमा छात्रवृत्ति लिन खोज्नु, राज्यबाट सेवा र सुविधा लिन खोज्नु अनि योग्यता भएकाहरूको चाहिँ कदर नहुनुले अवस्था गम्भीर मोडमा पुगेको देखिन्छ। साथै पद र प्रतिष्ठा भएकाहरूले आफ्ना निजी स्वार्थमा अधिकारको दुरूपयोग गर्नुले सोझासादा जनता पछि परिरहेका छन्। यसले गर्दा सर्वसाधारणमा कानुनप्रतिको अविश्वास बढ्दै जान्छ, आक्रोश बढ्दै जान्छ। यो भएको व्यवस्थाप्रति नै वितृष्णा बढ्नुको साथै अराजकताको विकास मौलाउँदै जान्छ, जसले सामाजिक असमानता ल्याउनुको साथै भोलिका दिनमा गम्भीर समस्या पनि निम्त्याउन सक्छ।

भ्रष्टाचार हुनु भनेको देशमा निको नहुने रोग लाग्नुजस्तै हो। यसले भइरहेको शासन प्रणालीलाई नदेखिने गरी धमिरा लाग्न सक्छ र नष्ट गर्न पनि सक्छ। साथै सेवा प्रवाहलाई पनि अवरूद्ध गर्नुको साथै योग्य मानिसहरूको मनोबललाई कमजोर बनाउँदै लग्छ। जब भ्रष्टाचार मौलाउँछ, तब समाजमा मिचाहा प्रवृत्ति पनि बढ्छ। हुनेले नहुनेलाई पेल्दछ, शोषण गर्दछ। जब समाज अनि राष्ट्र एक समानको हुन्छन्, त्यहाँ द्वेष हुदैन। तर समाज शक्ति र पैसाको आधारमा चल्छ। त्यहाँ शक्तिशालीले आफ्नो अधिकारको दुरुपयोग गर्छन् र सामान्य नागरिकलाई अन्यायमा पार्दछन् र निम्न वर्गका जनता पनि अन्यायको शिकार बन्दछन्।

भ्रष्टाचार भन्नाले गलत तरिकाले कार्य गर्नु तथा कानुनविपरीत कुनै पनि कार्य गर्नु वा गराउनु हो। गैरकानुनी ढंगले वा नैतिकता नै बेचेर विपरीत कार्य गरी व्यक्तिगत फाइदा लिने कामको बढावा दिनु वा गर्नु नै भ्रष्टाचार भन्ने बुझिन्छ। भ्रष्टाचार केवल पैसामा मात्र सीमित हुँदैन यो त पदको दुरूपयोग गर्नु, नातावादलाई बढावा दिनु, कृपावाद हुनु पनि भ्रष्टाचारकै रूप हुन्। नदेखाईकन गरेका सम्झौता, कमिसन खानु, हिसाबकिताबमा गोलमाल गर्नु वा हिनामिना गर्नु, आफूले सेवा गरिरहेको काममा पक्षपात गर्नु तथा कुनै पनि निर्णय गर्दा आफूलाई फाइदा हुने काम गर्नु तथा अनियमितता गर्नु पनि भ्रष्टाचारकै उदाहरण हुन्। कुनै पनि ठाउँमा कामकाजको लागि जाँदा सानातिना कुरा गर्न वा सानातिना काम गर्न पनि पैसा लिनु, दिइएको कामलाई समयमा कार्यसम्पन्न नगर्नु, नियमअनुसार अघि बढ्ने व्यक्तिलाई अनेक बहानामा ढिलो गर्नु, तर आफन्तलाई वा जो पहुँचमा छन्, तिनका लागि काम गरिदिनुजस्ता क्रियाकलापले पनि भ्रष्टाचार मौलाएको देखिन्छ। यस्ता अवस्थाले आम नागरिकमा निराशा बढ्नुको साथै, आक्रोशित हुने र अविश्वास फैलिने वातावरण बनी कतिपय अवस्थामा होहल्ला भई काम नै ठप्प हुने अवस्था पनि देखिँदै आएको छ। सेवाग्राहीले समयमा सेवा नपाउनु तर पद र पैसाको आधारमा हुनेखानेको ढोकामै सेवा दिनुले कानुनको मिचाहा प्रवृत्ति तथा भ्रष्टाचारलाई बढावा भएको पाइन्छ।

सारांशमा भन्नुपर्दा, देशमा कानुनको शासन भएको भान जब जनताले महसुस गर्दछन्, तब सबै जनताले समान हक र अधिकार पाउनुको साथै समानरूपमा सेवा पाएको बेला मात्र हुन्छ। यसको लागि राज्य, कर्मचारी, जनता समानरूपमा जवाफदेही हुनुपर्छ। तर, जब मिचाहा प्रवृत्ति हावी हुन्छ र भ्रष्टाचार कानुनी प्रक्रियाभन्दा बलियो देखिन्छ, तब राज्य प्रणाली नै धरापमा पर्ने अवस्था पनि आउँछ। त्यसैले यस्ता विकृति हटाउन नागरिक सचेतता, कानुनी कठोरता, पारदर्शिता र इमानदारीपूर्ण नेतृत्व आजको मुख्य आवश्यकता हो। कानुन त राम्रो छ तर कानुन बनाउनु मात्र पर्याप्त हुँदैन। यसको निष्पक्ष कार्यान्वयन हुनु आवश्यक छ। भ्रष्टाचारमा संलग्नलाई कसैको पहुँच नहेरी कारबाही हुनुपर्छ। यो तेरो र मेरो नभनी कानुनको कठघरामा ल्याउन जरूरी छ। नियम कानुन सबैलाई बराबर हुनुपर्छ। राज्यमा सबैले समान हक-अधिकारले बाँच्न पाउनुपर्छ। कानुनले दिएको मौलिक हकको सबैले बराबररूपमा ग्रहण गर्न पाउनुपर्छ। सबै नागरिकलाई आफ्नो हक र अधिकारको बारेमा सचेत गराइनुपर्छ। महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा उत्पीडित वर्गले पनि अवसर पाउनुपर्छ।

भ्रष्टाचार नहुनका लागि आजको युगमा सबै कामकुराहरू, गाउँदेखि सहर र राज्यसम्मको बजेट तथा निर्णय प्रक्रिया पारदर्शी हुनुपर्छ। अनलाइन प्रणाली सबैतिर हुनु जरूरी छ। डिजिटल रिपोर्टिङको व्यवस्था र गुनासो गर्न पनि सजिलो हुनुपर्छ। सार्वजनिक जानकारी पनि सर्वसाधारण जनताको पहुँचयोग्य हुनुपर्छ। आजको नयाँ युगको प्रविधिको प्रयोग गरी डिजिटल बनाएर अनलाइन ट्र्याकिङ प्रणालीबाट मानव सम्पर्क कम गराएर काम गर्नसकेमा घुसखोरी घटाउन सकिन्छ। पद र पैसाले न्यायको किनबेच हुनु हुँदैन। स्थायी नगद कारोबार कम गरी बैंकिङ माध्यमबाटै पेमेन्ट दिने-लिने व्यवस्था भएमा पनि भ्रष्टाचारमा कमी ल्याउन सकिन्छ। आज मानिसले नीतिगत भ्रष्टाचार पनि गर्न थालेका छन्। समयमा काम नगर्ने, समयमा अफिस नबस्ने, गुणस्तरीय काम नगरी पैसा असुल्ने, दीर्घकालीन सोच नबनाई काम गरेर पैसा फाल्ने काम गर्ने। त्यसैले कानुनलाई सर्वोपरि ठानेर काम गर्ने/गराउने, केवल कानुनलाई किताब हो भन्ने नठानेर काम गरेमा र ठूला र सानालाई समान सजाय दिने व्यवस्था भएमा वितृष्णा हटी राज्य राम्रो हुनेथियो।

नैतिक शिक्षा र देशप्रेम शिक्षादेखि कानुनी शिक्षा विद्यालय तहदेखि नै हुनुपर्छ। साथै नागरिक शिक्षा र नीतिगत शिक्षा अनिवार्य गरिनुपर्छ। नागरिकलाई नीति-नियम र नैतिक शिक्षा दिइयो भने सचेत नागरिकले गलतविरूद्ध आवाज उठाउँछ। तत्कालै जरिबाना र फाइन तथा कारबाहीको व्यवस्था हुनुपर्छ। पत्रकारिता पनि निष्पक्ष हुनुपर्छ। साथै नागरिक समाज पनि तटस्थ भई भ्रष्टाचार र मिचाहा प्रवृत्तिलाई हटाउन यस्ता कुराको भण्डाफोर गर्दै जनतालाई सूचना दिनसकेमा मिचाहा प्रवृत्ति तथा भ्रष्टाचारमा कमी ल्याउन सकिन्छ। साथै राज्यले समान शिक्षा, समान रोजगारको अवसर र युवालाई स्वास्थ्यको सेवा सबैतिर दिन सकेमा र वृद्ध भएपछिको अवस्थामा आर्थिकरूपमा आपत नपर्ने अवस्था ल्याउन सकेमा भ्रष्टाचार रोक्न सकिन्छ। तर मिचाहा प्रवृत्तिलाई त मानिसमा आमूल परिवर्तन आउनु पर्छ। म मात्रै सबै हो र मेरो मात्रै अधिकार छ भन्ने बोध जबसम्म मानिसको दिमागबाट हटाउन सकिँदैन तबसम्म मिचाहा प्रवृत्तिलाई निर्मूल पार्न सकिँदैन, यसको लागि बच्चादेखि नै स्कुलिङले सिकाउन जरूरी छ।

हामीकहाँ मजबुत कानुन छ, देशको प्रगति, स्थायित्व र समृद्धिको आधार भनेकै मजबुत कानुन हो र यसको पालना गरी न्यायपूर्ण शासन बनाउने र पारदर्शी प्रणाली जानु नै आजको आवश्यकता हो। तर जब मिचाहा प्रवृत्ति र भ्रष्टाचारले ती सबै प्रणालीलाई बिगार्छ, तब देश अराजकतातर्फ जान्छ। नेपालजस्तो विकासोन्मुख राष्ट्रमा कानुनको सम्मान हुनुपर्छ। भ्रष्टाचारको नियन्त्रण भएमा देश विकास हुन गाह्रो छैन। यसको लागि हामी सबै मिलीजुली काम गर्नुपर्छ। भलादमीपनले राष्ट्रको मुहार फेरिन्छ भने मिचाहा प्रवृत्तिले दूषित वातावरण बनाउँछ। त्यसैले, नागरिकको सचेतता नै आजको आवश्यकता हो। यदि हामी सबैले आफ्नो ठाउँबाट नै इमानदारीपूर्वक सोच्यौँ, सचेत नागरिकको परिचय दिई काम गर्‍यौँ भने हामीले चाहेको समृद्ध, न्यायपूर्ण र शान्त नेपाल बनाउन कुनै ठूलो कुरा हुने छैन। आऔँ सबै मिली जागौँ, हातेमालो गरौँ, भ्रष्टाचारमुक्त समाजको निर्माण गरी अन्तर्राष्ट्रियरूपमा नेपाललाई भ्रष्ट देश, कानुन मिचाहा देश होइन, भ्रष्टाचारमुक्त अनि सभ्य देशको रूपमा परिचित बनाऔँ। आजैदेखि इमान्दार भएर काम गरौँ।

# पालिकागत एसईईको नतिजा विश्लेषण र सरोकारवालाहरूको जिम्मेवारी

● प्रा.डा. प्रकाशमान श्रेष्ठ ●

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा मुलुकभरको सात सय ५३ वटा पालिकामा सञ्चालित १० हजार आठ सय ९४ वटा माध्यमिक विद्यालयबाटचारलाख३८हजारआठसय९६ विद्यार्थीहरु परीक्षामा सहभागी भएकोमा ६१.८१५ विद्यार्थी उत्तीर्ण भए। गत वर्षको तुलनामा यस वर्षको एसईईमा उत्तीर्ण विद्यार्थी संख्या १४ प्रतिशतले वृद्धि भए पनि माल्दिभस् एउटालाई छोडेर दक्षिण एसियाली मूलुकहरूको तुलनामा नेपालमा एसईईमा विद्यार्थी उत्तीर्ण प्रतिशत अझै कम छ। परीक्षामा सहभागी विद्यार्थीमध्ये तीन सय ८५ विद्यार्थीहरु अनुत्तीर्ण भए। अब आउने वर्षमा एसईईको नतिजालाई सुधार गर्दै जानको लागि कुन पालिकाको नतिजा कस्तो छ थाहा पाउन जरूरी छ।

एसईईमा विद्यार्थीहरूको उत्तीर्ण प्रतिशतको आधारमा मुलुकभरका सात सय ५३ पालिकालाई न्यूनतमदेखि उच्चत्तमसम्म निम्नलिखित १० तहमा वर्गीकरण गर्न सकिन्छ।

| उत्तीर्ण प्रतिशत | पालिकाको संख्या |
| --- | --- |
| ६ देखि १० | १२ |
| ११ देखि २० | ५९ |
| २१ देखि ३० | ७६ |
| ३१ देखि ४० | ७८ |
| ४१ देखि ५० | ९४ |
| ५१ देखि ६० | १२६ |
| ६१ देखि ७० | १०९ |
| ७१ देखि ८० | ९९ |
| ८१ देखि ९० | ६५ |
| ९१ देखि १०० | ३५ |

एसईईमा मुलुकका सात सय ५३ वटा पालिकामध्ये केही पालिकाको विद्यार्थी उत्तीर्ण संख्या ९० प्रतिशतभन्दा बढी पुगेको छ। यसरी उत्कृष्ट नतिजा आएका पालिका सोलुखुम्बु जिल्लामा छवटा, काठमाडौं र काभ्रेमा ४/४ वटा, ललितपुरमा तीनवटा, ओखलढुङ्गा, भक्तपुर, सिन्धुली, र डोल्पामा २/२ वटा, पाँचथर, धादिङ, रूपन्देही, मुस्ताङ, कालिकोट, मनाङ, ताप्लेजुङ, खोटाङ, संखुवासभा र हुम्लामा १/१ वटा रहेका छन्। यी पालिकामध्ये पनि ओखलढुङ्गाको मोदी, मनाङको नेसाङ र डोल्पाको शे फोक्सुन्डो गाउँपालिकाको एसईईमा विद्यार्थी उत्तीर्ण संख्या शत प्रतिशत रहेको छ। यसबाट प्रस्ट हुन्छ कि दुर्गम जिल्लाहरूको दुर्गम स्थानहरूमा सञ्चालित माध्यमिक विद्यालय पनि एसईईमा उत्कृष्ट नतिजा ल्याउनमा सक्षम छन्।

एसईईमा ५० वा सोभन्दा कम विद्यार्थी उत्तीर्ण भएका पालिका तीन सय १९ वटा रहेका छन्, जसमध्ये आठवटा पालिकाको नतिजा १० प्रतिशतभन्दा कम रहेको छ। एसईईको नतिजाको दृष्टिकोणले यी कमजोर पालिकाको नतिजामा सुधार नआउन्जेलसम्म राष्ट्रिय तहमा एसईईमा उत्तीर्ण प्रतिशत वृद्धि हुँदैन।

**एसईईमा कमजोर नतिजाका संभावित कारणहरू**

सरोकारवाला समूहहरु तथा पदाधिकारीहरूले कमजोर पालिकाको नतिजा अब आउने वर्षहरूमा सुधार गर्नका लागि सर्वप्रथम कमजोर नतिजाका कारणहरु पहिचान गर्नु जरूरी छ। नतिजा कमजोर हुनाको कारणहरु (क) राष्ट्रियस्तर, (ख) स्थानीय स्तर र (ग) विद्यालय स्तरका हुन सक्छन्।

विद्यार्थीहरूको क्षमताको आधारमा पाठ्यवस्तुहरु कठिन तथा बढी हुनु, पाठ्यवस्तु विद्यार्थीको रूचिअनुरूप नहुनु, परिमार्जित पाठ्यक्रम कार्यान्वयनसम्बन्धी तालिम सञ्चालन नहुनु, विषय शिक्षकहरूको अभाव हुनु, प्रश्नपत्र नै कठिन हुनु, विशिष्टीकरण तालिकाअनुसार प्रश्नहरु निर्माण नहुनु, उत्तरकुञ्जिका तथा अङ्कन योजनाअनुसार परीक्षकले उत्तरपुस्तिकाहरु परीक्षण नगर्नु, परीक्षासम्बन्धी तालिम सञ्चालन नहुनु, आदि राष्ट्रियस्तरका कारणहरु हुन्। यदि यी कारणहरूले ती पालिकाको नतिजा कम आएको हो भने यसको सम्बोधन पाठ्यक्रम विकास केन्द्र (पाविके), शिक्षा तथा मानव स्रोत विकास केन्द्र (शिमास्रोविके) र राष्ट्रिय परीक्षा बोर्ड (रापबो)ले मात्र गर्न सक्छन्।

विद्यालय सञ्चालनमा ध्यान दिन नपुग्नु, विद्यालयहरूको अनुगमन नहुनु, पालिकाभित्रका विद्यालयहरूको नतिजा विश्लेषण नगर्नु, कमजोर विद्यालयहरूको नतिजा सुधारमा ध्यान नदिनु, आदि स्थानीयस्तरका कारणहरु हुन्, जसले गर्दा सम्बन्धित पालिकाका विद्यालयहरूको नतिजा कमजोर हुन्छन्।

त्यस्तै विद्यालय सञ्चालनमा विद्यालय व्यवस्थापन समितिले चासो नराख्नु र अनुगमन नगर्नु, कक्षा नियमितरूपमा सञ्चालन भए नभएको बारे ध्यान नदिनु, कक्षा सञ्चालनका लागि आवश्यक सामग्रीहरु नहुनु, शिक्षण-सिकाइ प्रभावकारी नहुनु, विद्यालयले नतिजा विश्लेषण नगर्नु, शिक्षक आफ्नो विषयमा विद्यार्थी उत्तीर्ण संख्याप्रति सचेत नहुनु, परीक्षामा उत्तीर्ण प्रतिशत वृद्धि गर्नमा ध्यान नदिनु, आदि कारणहरूबाट पनि कुनै पनि विद्यालयको एसईईको नतिजा कमजोर भएको हुन सक्छ, जुन विद्यालयस्तरका कारणहरु हुन्। त्यस्तै अविभावकहरूले आफ्नो बालबालिकाहरूको पढाइप्रति सचेत नहुनु, आर्थिक अवस्था कमजोर हुनु, विद्यार्थीहरूले पढाइमा ध्यान नदिनु, क्षमता नभएका विद्यार्थीहरूलाई समेत कक्षा ९को परीक्षामा उत्तीर्ण गर्नु, आदि विद्यालयस्तरका कारणअन्तर्गत आउँछन्।

***नतिजा सुधारका लागि विभिन्न निकायहरूले गर्नुपर्ने कार्य***

यस वर्ष एसईईमा नतिजा कमजोर भएका पालिकाको साथै अन्य सरोकारवाला समूहहरु तथा संस्थाहरूले माथि उल्लिखित कुन-कुन कारण अथवा अन्य कारणले गर्दा उत्तीर्ण प्रतिशत कम आएको हो सो पहिचान गरी तत्कालै सुधारका कार्यहरु सुरुवात गर्नुपर्छ। शिक्षक, विद्यार्थी, अभिभावक, पालिकादेखि केन्द्रीयस्तरका सम्बन्धित शैक्षिक संस्थाहरु अहिलेदेखि लागेको खण्डमा आउने वर्षको नतिजा यसपालिको नतिजाभन्दा अझ सुधार हुँदै नेपालको एसईईमा विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत दक्षिण एसियाली मुलुकसरह पुर्‍याउन सकिन्छ।

***विद्यालय तह***

- ❑ यस वर्षको एसईईको नतिजालाई विषयगतरूपमा विश्लेषण गरी नतिजा कम हुनुका सामान्य कारण र विषयगत कारण पहिचान गरी आउने वर्ष नतिजामा सुधार गर्ने कार्यक्रमहरु बनाई कार्यन्वयन गर्ने।
- ❑ विद्यार्थीहरूलाई दैनिक शिक्षण-सिकाइकै क्रममा विशिष्टीकरण तालिकाअनुसार निर्माण हुने प्रश्नहरूबारे जानकारी दिई हरेक संज्ञानात्मक तहका प्रश्नहरूको उत्तर लेखन सीपहरु प्रदान गर्ने।
- ❑ एसईई परीक्षा दिने विद्यार्थीहरूका अविभावकहरूको भेला बोलाई अर्न्तक्रिया गर्ने र बालबालिकाहरूलाई घरमा पढ्नको लागि उपयुक्त वातावरण तयार गरिदिन अनुरोध गर्ने।

***सम्बन्धित पालिका***

- ❑ पालिकाभित्र सञ्चालित विद्यालयहरूको एसईईको नतिजा विद्यालयगत तथा विषयगतरूपमा विश्लेषण गरी आगामी वर्षहरूमा नतिजा सुधारका कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्ने।
- ❑ पालिकाभित्र कमजोर नतिजा आएका विद्यालयहरूका शिक्षक र राम्रो नतिजा आएका विद्यालयका शिक्षकहरूबीच विषयगतरूपमा छलफल तथा अन्तक्रिया कार्यक्रमहरु सञ्चालन गर्ने।
- ❑ कमजोर नतिजा भएका विद्यालयहरूको विषयगतरूपमा कक्षा अवलोकन गर्ने व्यवस्था गरी सम्बन्धित शिक्षकहरूलाई पृष्ठपोषन दिने कार्यको थालनी गर्ने।
- ❑ विद्यार्थीहरूलाई कठिन भएको विषयहरूमा विषयगतरूपमा अतिरिक्त कक्षाहरु सञ्चालन गर्ने।
- ❑ माथि उल्लिखित कार्यहरूका लागि अवकाशप्राप्त सक्षम शिक्षक, प्रधानाध्यापक, विद्यालय निरीक्षक, प्राध्यापकहरु कर्मचारीहरु, आदिलाई प्रयोग गर्न सकिन्छ।

***राष्ट्रिय परीक्षा बोर्ड (रापबो)***

- ❑ कक्षा १२को नतिजा विश्लेषण गराएजस्तै एसईईको नतिजालाई पनि प्रदेशगत, जिल्लागत, पालिकागत, विद्यालयगत, विद्यालय प्रकारगत, लैंगिकगत तथा विषयगत, आदि आधारमा विश्लेषण गर्ने।
- ❑ कमजोर पालिकालाई आ-आफ्ना पालिकाको नतिजाको विश्लेषण प्रतिवेदन उपलब्ध गराउने।
- ❑ कमजोर पालिकाको प्रमुखहरु र शिक्षा शाखाका प्रमुखहरूको अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गरी नतिजा विश्लेषणको आधारमा आगामी वर्षहरूमा नतिजा सुधारका योजना तथा कार्यक्रमहरु तयार गर्न लगाउने।
- ❑ हाल सञ्चालन गर्दै आएका तालिम कार्यक्रमहरूको साथसाथै परीक्षासम्बन्धी टेलर-मेड (हरेक शिक्षकहरूको आवश्यकतामा आधारित) प्रकारका तालिम कार्यक्रमहरु तयार गरी सञ्चालन गर्ने।
- ❑ अनिवार्य विषयका प्रश्नपत्र र उत्तरकुञ्जिका तथा अङ्कन योजना विश्लेषण गर्दै आएकोमा अबदेखि अनुत्तीर्ण प्रतिशत धेरै भएका विषयहरूका टेस्ट मेट्रिक्स, प्रश्नपत्र, उत्तरकुञ्जिका तथा अङ्कन योजनाहरूको समीक्षा गरी आगामी वर्षमा सो सामग्रीहरूमा सुधार गर्ने।
- ❑ प्राप्ताङ्कको आधारमा राम्रा, मध्यम र कमजोर विद्यार्थीको केही उत्तरपुस्तिका छनोट गरी प्रश्नगतरूपमा नतिजाको विश्लेषण गरी पाठ्यवस्तुहरूको कठिनाइको स्तर निर्धारण गर्ने। यदि कुनै पाठ्यवस्तुमा परिमार्जन गर्नुपर्ने आवश्यकता भएमा पाठ्यक्रम विकास केन्द्रलाई औपचारिकरूपमा जानकारी दिने।
- ❑ परीक्षा सुधारसम्बन्धी शीर्षकहरूमा शोधपत्र लेख्ने स्नातकोत्तर, एमफिल तथा विद्यावारिधि गर्ने विद्यार्थीहरूलाई प्राविधिक तथा आर्थिक सहयोग गर्दै आएकोमा अबदेखि शोधपत्रको शीर्षक बोर्डअन्तर्गतको अनुसन्धान समितिले तयार गरी शोधपत्र तयार गर्न लगाउनु उपयुक्त देखिन्छ। यस कार्यले कमजोर पालिकाको नतिजा सुधारमा सहयोग गर्दछ। साथै परीक्षाको नतिजा सुधारका लागि हाल जस्तै बाहिर संघ-संस्थालाई अनुसन्धान गराउनुको साथै रापबो आफैले पनि बृहत् खालको अध्ययन-अनुसन्धान गर्ने।

***पाठ्यक्रम विकास केन्द्र (पाविके)***

- ❑ रापबोले उपलब्ध गराएको प्रश्नगत नतिजा विश्लेषणद्वारा सुधार गर्नका लागि औँल्याएका पाठ्यवस्तुहरु आवश्यक भएमा सुधार गर्ने।
- ❑ आवश्यक भएको पालिका तथा जिल्लाहरूमा पाठ्यक्रम कार्यान्वयनसम्बन्धी तालिमहरु तत्काल सुरू गर्ने। पाठ्यक्रम कार्यान्वयन तालिम र परीक्षासम्बन्धी तालिमहरु रापबो र पाविकेले संयुक्त रूपमा एकै पटक सञ्चालन गर्दा समय र आर्थिक दृष्टिकोणले धेरै किफायत हुन सक्छ।

***शिक्षा तथा मानव स्रोत विकास केन्द्र (शिमास्रोविके)***

- ❑ यसपालिजस्तै कमजोर विषयहरूको कठिन पाठ्यवस्तुहरूमा सामग्रीहरु तयार गरी अनलाइन कक्षाहरु सञ्चालन गर्ने।
- ❑ एसईईमा नतिजा कमजोर भएका पालिकामा सञ्चालित विद्यालयहरूमध्ये उत्तीर्ण प्रतिशत कम आएका विद्यालयहरूमा विषयगतरूपमा कक्षा अवलोकन गराउने र पृष्ठपोषण दिने व्यवस्था गर्ने।
- ❑ विषयगत शिक्षक नभएका विद्यालयहरूमा विषयगत शिक्षकहरूको व्यवस्था गर्ने।
- ❑ उत्तीर्ण प्रतिशत कम आएका विद्यालय तथा विषयहरूका शिक्षकहरूको कक्षा अवलोकनको आधारमा शिक्षण-सिकाई सुधारका लागि आवश्यक भए पुनर्ताजकीय तालिमको व्यवस्था गर्ने।

सारांशमा गत वर्षको तुलनामा यस वर्षको एसईईमा विद्यार्थी उत्तीर्ण संख्या करिब एक सय ४५ले वृद्धि भए पनि दक्षिण एसियाली मुलुकहरूको तुलनामा अझै कम छ। यसका कारणहरु विद्यालय-परिवार, पालिका, रापबो, पाविके, शिमास्रोविकेसँग सम्बन्धित हुन सक्छ। नतिजा कम हुनाका कारणहरू पत्ता लगाई सोको आधारमा विद्यालय, पालिका तथा केन्द्रीय तहका शैक्षिक संस्थाहरूले आउने वर्षहरूमा एसईईको नतिजामा सुधार ल्याउन उपयुक्त कार्यक्रमहरू निर्माण गरी अहिलेदेखि नै कार्यन्वयन गरेमा यस वर्षको तुलनामा आउने वर्षहरूमा एसईईमा विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत निश्चितरूपमा बढ्नेछ।

# रुसमा विमान दुर्घटना

■ एजेन्सी
मस्को, साउन ८

करिब ५० जना यात्रु बोकेको एउटा यात्रु विमान बिहीबार रूसको सुदूरपूर्वी क्षेत्र अमुरको दुर्गम स्थानमा दुर्घटना भएको छ । अधिकारीहरूले दुर्घटनापछि तत्काल कुनै बाँचेकाको सङ्केत नदेखिएको बताएका छन् ।

अङ्गारा एयरलाइन्सले सञ्चालन गरेको यो दुई प्रोपेलर भएको एन्टोनोभ-२४ विमान ब्लागोभेश्चेन्स्क सहरबाट टिन्डा सहरतर्फ जाँदै गर्दा स्थानीय समयअनुसार दिउँसो एक बजे राडारबाट हराएको थियो ।

पछि एउटा उद्धार हेलिकप्टरले टिन्डाबाट लगभग १६ किलोमिटर (१० माइल) टाढाको जङ्गल भएको पहाडी ढलानमा जलिरहेको विमान देखेको थियो । रूसी अनुसन्धानकर्ताहरूले प्रकाशित गरेको भिडियोहरूमा घना जङ्गली क्षेत्रमा विमानको भग्नावशेषबाट धुवाँको मुस्लो उडिरहेको देखिएको छ ।

हेलिकोप्टरमा रहेका उद्धारकर्ताहरूले कुनै बाँचेकाको प्रमाण नदेखेको स्थानीय उद्धारकर्ताहरूले बताए ।

अमुर क्षेत्रको नागरिक सुरक्षा एजेन्सीले घटनास्थलमा स्थल टोली पठाएको थियो । जङ्गली भू-भागले घटनास्थलमा पुग्न कठिनाई भएको उद्धारकर्ताहरूले बताएका छन् ।

रूसी सहर इर्कुत्स्कमा आधारित सानो क्षेत्रीय वाहक अङ्गारा एयरलाइन्सले तुरुन्त कुनै सार्वजनिक टिप्पणी गरेको छैन ।

उक्त क्षेत्रका गभर्नर भासिली ओर्लोभका अनुसार विमानमा ४३ जना यात्रु र छ जना चालक दलका सदस्य थिए । यात्रुमध्ये पाँच जना बालबालिका थिए । रूसको राज्य समाचार एजेन्सी तासले आपत्कालीन सेवाहरूलाई उद्धृत गर्दै विमानमा ४० यात्रु र छ चालक दल रहेको बताएको छ ।

टिन्डा विमानस्थलमा दोस्रो पटक पुग्ने प्रयास गर्दा विमान दुर्घटना भएको रूसको सुदूरपूर्वी यातायात अभियोजकको कार्यालयले जनाएको छ ।

'टिन्डा विमानस्थलमा पुग्दा विमानले दोस्रो अवतरणका लागि घुम्यो, त्यसपछि सम्पर्क टुटेको थियो', अभियोजक कार्यालयले भन्यो, 'परिस्थितिहरूको अनुसन्धान भइरहेको छ ।'

यसले दुर्घटनाको कारणबारे तत्काल कुनै टिप्पणी गरेको छैन । राज्य समाचार एजेन्सी तासले यो विमान झण्डै ५० वर्ष पहिले निर्माण गरिएको रिपोर्ट गरेको छ ।

'सन् २०२१मा विमानको उडान योग्यता प्रमाणपत्र सन् २०३६ सम्म बढाइएको थियो', उड्डयन सेवाका स्रोतलाई उद्धृत गर्दै यसले रिपोर्ट गरेको छ । एन्टोनोभ-२४ एक लोकप्रिय, सोभियत-डिजाइन गरिएको दुई प्रोपेलर विमान हो । यसले पहिलो पटक सन् १९५९ मा सेवा सुरु गरेको थियो ।

रूसले हालका वर्षहरूमा सोभियत विमानबाट आधुनिक जेटहरूमा स्विच गर्ने कदमहरु चालेको छ, तर पुराना हल्का विमानहरु अझै पनि दुर्गम क्षेत्रहरूमा व्यापकरूपमा प्रयोग हुन्छन् र दुर्घटनाहरु बारम्बार हुन्छन् । रासस/एएफपी


## हकदावीको सूचना

लुम्बिनी प्रदेश, नवलपरासी(वर्दघाट सुस्ता पश्चिम) जिल्ला, रामग्राम नगरपालिका, वडा नं. १७ स्थायी ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी(वर्दघाट सुस्ता पश्चिम) जिल्ला, रामग्राम नगरपालिका वडा न. १७, फुलभरीयामा बस्ने श्री हेसराज चौधरीको नाती, श्री भुवर चौधरीको छोरा, श्री हरिनन्द चौधरीको मिति २०८२/०३/०१ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. २८२०५३००००२२१९ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती हेमकान्ती देवी चौधरीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD. शाखा कार्यालय, परासी, नवलपरासी
फोन न.: ०७८-५९०९१०, ९८६७११७८३७

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

आइते बहादुर आलेको नातिनी, सोम बहादुर आले मगरको छोरी, काभ्रे जिल्ला, वलखु गा.वि.स. वडा नं. २ बस्ने यस बैंकको लालबन्दी शाखा कार्यालयको खातावाला डङ कुमारी आलेमगरको मिति २०८१/०६/२० मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान श्याम बहादुर जर्गाले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

सकराम छेडालको नाति, नरतम छेडालको छोरा, कैलाली जिल्ला, चुरे गा.पा. वडा नं. ३ बस्ने यस बैंकको चुरे शाखा कार्यालयको खातावाला गोपाल सिंह छेडालको मिति २०८१/१२/२० मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा टेक छेडालले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

## भुल सुधार

यस ज्योति विकास बैंक लिमिटेडबाट मिति २०८०/०९/०३ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचनामा शाखा कार्यालय रुपनी, सप्तरीको ऋणी ए. एम मिनी मार्केटले यस विकास बैंकमा उपलब्ध गराउनु भएको फर्म दर्ता प्रमाणपत्र अनुसार फर्मको दर्ता नं. ७८५२/०७७/०७८ तथा जमानतकर्ता अशोक कुमार चौधरीले यस विकास बैंकमा उपलब्ध गराउनु भएको नागरिकता प्रमाणपत्र अनुसार निजको नागरिकता नं. १६३१०८-१५५ हुनुपर्नेमा अन्यथा हुन गएको र मिति २०८१/०८/१३ गतेको कृपा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचनामा शाखा कार्यालय धरान, सुनसरीको ऋणी मोबाइल एण्ड कम्प्युटर मर्मत केन्द्रको जमानतकर्ता गिता देवी श्रेष्ठले यस विकास बैंकमा उपलब्ध गराउनु भएको नागरिकता प्रमाणपत्र अनुसार निजको नागरिकता जारी मिति २०४६/०२/३१ हुनुपर्नेमा अन्यथा हुन गएकोले उपरोक्त अनुसार हुने गरी भुल सुधार गरिएको छ ।

ज्योति विकास बैंक लि. JYOTI BIKASH BANK LTD. More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२, धरान, सुनसरी, फोन नं. ०२५-५३५१०५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड
SUPPORT LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त कोशी प्रदेश स्तरीय "घ" वर्गको वित्तीय संस्था)
केन्द्रीय कार्यालय, इटहरी -०४, सुनसरी फोन नं. ०२५-५८८१७७,१७८
website : www.supportmicrofinance.com.np/ E-mail.smicrofinance7@gmail.com

### संस्थापक शेयरधनीहरूको शेयर संरचना परिवर्तन गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/०४/०९)

यस सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको हालसम्म कायम रहेको संस्थापक सेयरधनी समूहको ७० प्रतिशत र सर्वसाधारण शेयरधनी समूहको ३० प्रतिशत शेयर स्वामित्व संरचनालाई संस्थापक शेयरधनी समूहको ६० प्रतिशत र सर्वसाधारण शेयरधनी समूहको ४० प्रतिशत शेयर स्वामित्व हुने गरी शेयरधनीहरूको पुँजीको संरचनालाई परिवर्तन गर्न यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०३/३० गते बसेको २४३ औं बैठकको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकमा स्वीकृति माग गरिएकोमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भई सकेको हुँदा सो बमोजिम आफ्नो शेयर स्वामित्व अनुपात परिवर्तन गर्ने वा नगर्ने सम्बन्धमा सम्पूर्ण संस्थापक शेयरधनीहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै संस्थापक शेयर सर्वसाधारण समूहमा परिवर्तन गर्न नचाहनु हुने संस्थापक शेयरधनीहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय इटहरी-४, सुनसरीमा सम्पर्क राखी लिखित रुपमा निवेदन दिन वा वित्तीय संस्थाको ईमेल : smicrofinance7@gmail.com मा निवेदन पठाउनु हुन अनुरोध गर्दछौं । यो सूचनाको म्यादभित्र सर्वसाधारण समूहको शेयरमा परिवर्तन नगर्ने भनी निवेदन नदिनु हुने संस्थापक शेयरधनीहरूको हकमा संस्थापक शेयर अनुपात सर्वसाधारण समूहमा परिवर्तन गर्न मञ्जुर रहेको ठानी सोही बमोजिम सर्वसाधारण समूहमा परिवर्तनको लागि प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सम्पूर्ण संस्थापक शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


## डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Deprosc Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, भरतपुर, चितवन

### कर्जा चुक्ता भुक्तान गर्न आउने बारको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८२/४/९ गते शुक्रबार)

ग्लोबल आइएमई बैंकको सुखीपुर शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका जोगिन्दर साहु सुनारको मिति २०८२-०३-१८ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी जिबछी देवी सोनारनीबाट मिति २०८२-०४-०३ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
सुखीपुर शाखा
फोन नं.:९८११७४४७४४
ग्लोबल कनेक्ट: ०१-५९७०६००



## ग्लोबल आइएमई बैंक लिमिटेडको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको इन्द्रसरोवर शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका कान्छी बलामीको मिति २०८२/०१/०९ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको आमा चिनी माया बलामीबाट मिति २०८२/०३/३२ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
इन्द्रसरोवर शाखा
फोन नं.: ९८२०१२६३२३
ग्लोबल कनेक्ट: ०१-५९७०६००

# नियमविपरीत काम गर्ने चार वटा बैंक तथा वित्तीय संस्थामाथि कारबाही

**आर्थिक संवाददाता**
काठमाडौं, साउन ८




नियमविपरीत कार्य गर्ने चार वटा बैंक तथा वित्तीय संस्था कारबाहीमा परेका छन् । आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासमा बैंक तथा वित्तीय संस्था सञ्चालन सम्बन्धी ऐननियमको उल्लङ्घन गरेको आधारमा दुईवटा वाणिज्य बैंक र दुईवटा फाइनान्स कम्पनीलाई राष्ट्र बैंकले कारबाही गरेको हो ।

राष्ट्र बैंकले पोखरा फाइनान्स कम्पनीलाई अनिवार्य नगद मौज्दात नपुगेपछि जरिवाना लगाएको छ । २०८१ माघ २७ देखि चैत २३ सम्म न्यूनतम अनिवार्य मौज्दात रकम कायम नगरेकाले ३२ लाख ७७ हजार छ सय ७६ रूपैयाँ ३५ पैसा जरिवाना लगाएको छ । यसैगरी, गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स कम्पनीको प्रमुख कार्यकारी अधिकृतलाई पनि राष्ट्र बैंकले कारबाही गरेको छ । फाइनान्सको नोक्सानी व्यवस्था तथा वर्गीकरण नेपाल राष्ट्र बैंकमा गरिएको रिपोटिङमा कैफियत पाइएको र कतिपय कर्जाको वक्यौता व्याज/किस्ता असुल गर्न थप कर्जा प्रवाह गरी कर्जा नियमित गरेको र यी सबै कारणहरूले कर्जा नोक्सानी व्यवस्था प्रभावित भई संस्थाको वित्तीय विवरण यथार्थपरक नदेखिएको भन्दै केन्द्रीय बैंकले सचेत गराउँदै कारबाही गरेको हो । यस्तै, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (१) को खण्ड (ख) मा भएको व्यवस्थाविपरीत संस्थाले वार्षिक साधारणसभाभन्दा अगाडि रिक्त भएको सञ्चालक पदको नियुक्ति वार्षिक साधारणसभापछि पनि नगरेपछि सचेत गराइएको राष्ट्र बैंकको जनाएको छ । गुह्येश्वरी फाइनान्सकै सञ्चालक समिति सदस्यहरु सजिना अमात्य र दिपेश गोर्खाली सञ्चालक नियुक्तिको लागि निर्वाचनको प्रक्रियामा नगएको र वार्षिक साधारणसभा अगाडि पनि मात्र सञ्चालक समितिबाट सञ्चालक नियुक्त गरेकाले तत्कालको वार्षिक साधारणसभा छली सञ्चालक नियुक्त गर्ने मनसाय राखेको देखिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (क) बमोजिम छुट्टाछुट्टै पत्रमार्फत सचेत गराइएको पनि राष्ट्र बैंकले जनाएको छ ।

गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सकै सञ्चालक समिति सदस्य रेश्मा श्रेष्ठलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (१) को खण्ड (ख) मा भएको व्यवस्थाविपरीत संस्थाले वार्षिक साधारणसभाभन्दा अगाडि रिक्त भएको सञ्चालक पदको नियुक्ति वार्षिक साधारणसभा अगाडि पनि नगरेको, वार्षिक साधारणसभामा रिक्त सञ्चालक नियुक्तिको लागि निर्वाचनको प्रक्रियामा नगएको र वार्षिक साधारणसभा समापन भएपछि मात्र सञ्चालक समितिबाट सञ्चालक नियुक्त गरेकाले तत्कालको वार्षिक साधारणसभा छली सञ्चालक नियुक्त गर्ने मनसाय राखेको देखिएको तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १३३ मा भएको व्यवस्थाबमोजिम कर्मचारीको उपदानको विषयमा संस्थाको कर्मचारी विनियमावलीमा गरेको संशोधन स्वीकृति नगराई कार्यान्वयनमा ल्याएको भेटेपछि राष्ट्र बैंकले सचेत गराएको हो ।

गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सकै श्रीमान् श्रेष्ठ, तत्कालीन सञ्चालक समिति अध्यक्ष-सरोजनी श्रेष्ठ (तत्कालीन सञ्चालक समिति सदस्य) र राजेश मानन्धर (तत्कालीन सञ्चालक समिति सदस्य) संस्थाको सञ्चालक समितिको अध्यक्ष रहेको अवधिमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १३३ मा भएको व्यवस्थाबमोजिम कर्मचारीको उपदानको विषयमा संस्थाको कर्मचारी विनियमावलीमा गरेको संशोधन यस बैंकबाट स्वीकृति नगराई कार्यान्वयनमा ल्याएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (क) बमोजिम छुट्टाछुट्टै पत्रमार्फत सचेत गराइएको राष्ट्र बैंकको भनाइ छ ।

# सर्वोच्चद्वारा आयोडिनयुक्त नुन ऐन २०५५ कार्यान्वयन नगर्न आदेश




काठमाडौं, साउन ८ । सर्वोच्च अदालतले 'आयोडिनयुक्त नुन (उत्पादन तथा बिक्री वितरण) ऐन २०५५' कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ । न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र महेश शर्मा पौडेलको संयुक्त इजलासले गत असार ३० गते अन्तरिम आदेश गर्दै आयोडिनयुक्त नुन ऐन २०५५ यही साउन १ गतेदेखि कार्यान्वयन नगर्न भनेको हो ।

आदेशमा ऐन निर्माण भई जारी भएको हाल करिब २५ वर्ष व्यतित भइसकेको अवस्था रहेको र हालसम्म ऐन कार्यान्वयनका लागि आवश्यक पूर्वसर्तको रूपमा रहेको नियमावली बनाउने काम पनि हुन नसकेको देखिएको उल्लेख छ । साथै, विना आवश्यक पूर्वतयारी ऐन लागू गर्दा यस अदालतबाट यसअघि परेका मुद्दामा चिन्ता व्यक्त गरिएजस्तै आम जनताको स्वास्थ्य र जनजीविकासँग प्रत्यक्ष सरोकार रहने आयोडिनयुक्त नुनको आपूर्ति र बिक्री वितरण नै प्रभावित हुन सक्ने अवस्था देखिएको आदेशमा उल्लेख छ ।

आदेशमा भनिएको छ, 'तत्काल ऐन लागू नगर्दा कसैलाई अपूरणीय क्षति पुग्न सक्ने अवस्था नदेखिएको र प्रस्तुत विषयवस्तुको प्रकृतिबाट रिट निवेदनको अन्तिम किनारा लाग्दाका बखत नै निरूपण हुन मनासिब हुँदा प्रस्तुत रिट निवेदनमा अन्तिम किनारा लाग्दाका बखत ठहरेबमोजिम हुने गरी हाललाई नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८२ साउन १ गतेदेखि आयोडिनयुक्त नुन उत्पादन तथा बिक्री वितरण ऐन, २०५५ प्रारम्भ हुने गरी नेपाल राजपत्रमा प्रकाशित सूचना कार्यान्वयन नगर्नू नगराउनु ।'

आदेशमा आयोडिनयुक्त नुन उत्पादन तथा बिक्री वितरण ऐन २०५५ को व्यवस्था कार्यान्वयन गर्नका लागि नियमावली जारी नगरेकाले उक्त ऐन कार्यान्वयनमा रोक लगाइएको उल्लेख छ । अधिवक्ता शीलत महर्जनले २५ वर्षअघि बनेको 'आयोडियनयुक्त नुन उत्पादन तथा बिक्री वितरण ऐन, २०५५' लाई जगाइ आमजनताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको आयोडिनसम्बन्धी नुनलाई निजी क्षेत्रबाट आयात र वितरण गर्ने योजना प्रत्यक्ष देखिएकाले उक्त ऐन लागू हुँदा मानव स्वास्थ्यमा दीर्घकालीनरूपमा गम्भीर असर पर्ने भन्दै उक्त ऐन बदर गर्न माग गरेका थिए । *रासस*

# सेयरबजारमा सामान्य वृद्धि

**आर्थिक संवाददाता**
काठमाडौं, साउन ८

साताको अन्तिम कारोबार दिन सेयरबजार सामान्य बढेर बन्द भएको छ । कारोबारमापक नेप्से परिसूचक तीन दशमलव ७६ अंकले बढेर दुई हजार नौ सय ८२ दशमलव ६४ विन्दुमा बन्द भएको छ ।

सूचक सामान्य अंकले बढे पनि बजारमा लगानीकर्ताको चहलपहल राम्रै देखिएको छ । त्यसैले बिहीबार पनि १८ अर्ब ४९ करोड रूपैयाँ बराबरको तीन करोड ८९ लाख ६२ हजार पाँच सय आठ कित्ता सेयर किनबेच भएको छ । कारोबार भएका दुई सय ५० कम्पनीमध्ये एक सय २३ वटाको सेयरमूल्य बढेको छ भने एक सय २७ वटाको घटेको छ ।

सूचीकृत १३ समूहमध्ये सात वटा समूह घटेका छन् भने छ वटा बढेका छन् । सबैभन्दा धेरै जलविद्युत् समूह दुई प्रतिशत बढेको छ । विकास बैंक समूह एक दशमलव शून्य छ प्रतिशत बढेको छ । यसैगरी, होटल तथा पर्यटन शून्य दशमलव ४६ प्रतिशत, व्यापार शून्य दशमलव २८ प्रतिशत, लगानी शून्य दशमलव २५ प्रतिशत र म्युचुअल फन्ड शून्य दशमलव २३ प्रतिशत बढेको छ ।

सबैभन्दा धेरै फाइनान्स समूह शून्य दशमलव ४६ प्रतिशतले घटेको छ । त्यसपछि वाणिज्य बैंकहरूको समूह 'बैंकिङ' शून्य दशमलव ६१ प्रतिशत, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५८, निर्जीवन बीमा शून्य दशमलव ५७, जीवन बीमा र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव २३ र अन्य समूह शून्य दशमलव शून्य नौ प्रतिशत घटेको छ ।

बिहीबार ग्रिन भेन्चर्स, ट्रेड टावर, सान्भी इनर्जी, श्वेत-गंगा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सनको सेयर कारोबार सकारात्मक सर्किट लेभलमा भएको छ । उन्नति सहकार्य लघुवित्तको सेयरमूल्य सबैभन्दा धेरै तीन दशमलव ५८ प्रतिशत घटेको छ ।

राधी विद्युत्को सेयर कारोबार सबैभन्दा धेरै ७७ करोड २१ लाख रूपैयाँको भएको छ । त्यसपछि डादि ग्रुप पावरको सेयर कारोबार ७१ करोड ९१ लाख रूपैयाँको भएको छ ।

लगानीकर्ताको सम्पत्ति एक दिनमा सात अर्ब रूपैयाँ बढेको छ । बजार पुँजीकरण ४९ खर्ब ७७ अर्ब रूपैयाँ पुगेको छ । यस्तै, साधारण सेयरतर्फको बजार पुँजीकरण पनि तीन अर्ब रूपैयाँ बढेर १६ खर्ब ९५ अर्ब रूपैयाँ कायम भएको छ ।

# निभिक्स फर्मास्युटिकल्स र मुक्तिनाथ क्यापिटलबीच सम्झौता

**आर्थिक संवाददाता**
काठमाडौं, साउन ८

निभिक्स फर्मास्युटिकल्स लिमिटेडले सर्वसाधारणका लागि निष्काशन गर्न लागिएको १३ लाख ७५ हजार कित्ता साधारण सेयरको प्रत्याभूति व्यवस्थापन कार्य गर्न मुक्तिनाथ क्यापिटल लिमिटेडसँग सम्झौता गरेको छ । बुधबार भएको उक्त सम्झौतापत्रमा निष्काशन कम्पनीको तर्फबाट प्रबन्ध सञ्चालक इन्द्र वानिया र मुक्तिनाथ क्यापिटल लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत कविन्द्र ध्वज जोशीले हस्ताक्षर गरेका छन् । उक्त कार्यक्रममा कम्पनीका अध्यक्ष कालिदास पौडेल, सञ्चालक फार्मासिस्ट सुजन चन्द्र सिग्देल, चार्टर्ड अकाउन्टेन्ट अनिल पौडेलको पनि सहभागिता रहेको थियो ।

विसं २०७४ सालमा स्थापना भएको निभिक्स फर्मास्युटिकल्सले मिति २०८१/०९/०२ गते पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण भई औषधि व्यवस्था विभागबाट समेत उत्पादन तथा बजारीकरणको दर्ता प्रमाणपत्र प्राप्त गरिसकेको छ । कम्पनीले हाल ५६ प्रकारका औषधिहरु उत्पादन तथा बजारमा बिक्री वितरण गर्दै आएको छ ।

कम्पनीले मुख्यरूपमा मुटु रोग, मधुमेह, श्वास-प्रश्वास, कलेजो र पेटसम्बन्धी रोगहरूको उपचारमा प्रयोग हुने औषधिहरु उत्पादन गर्दै आइरहेको छ तथा नयाँ औषधिहरूमा अनुसन्धान तथा उत्पादन विस्तारको तयारी पनि गरिरहेको छ ।

# सिराइचुली होटलको साधारण सेयर

**आर्थिक संवाददाता**
काठमाडौं, साउन ८

होटल सिराइचुली लिमिटेडले साधारण सेयर जारी गर्ने भएको छ । कम्पनीले सेयर निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडलाई नियुक्त गरेको छ ।

यो सम्झौतामा होटल सिराइचुली लिमिटेडको तर्फबाट कम्पनीका अध्यक्ष चुडामणि खनाल तथा नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडका तर्फबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृत मनिष नारायण जोशीले हस्ताक्षर गरेका हुन् ।

# सांग्रिला डेभलपमेन्ट बैंकको नाफा ५३ करोड ७० लाख

काठमाडौं, साउन ८ । सांग्रिला डेभलपमेन्ट बैंकले आर्थिक वर्ष २०८१/०८२मा ५३ करोड ७० लाख ९५ हजार एक सय १२ रूपैयाँ खुद मुनाफा कमाएको छ । अघिल्लो आवमा भने बैंकको यस्तो नाफा ५० करोड ४२ लाख ८० हजार चार सय ५३ रूपैयाँ रहेको थियो ।

हाल चुक्ता पुँजी तीन अर्ब ५५ करोड ६२ लाख ५५ हजार सात सय २० रूपैयाँ रहेको बैंकले आव २०८१/०८२मा ५४ अर्ब ६६ करोड ८४ लाख ९४ हजार तीन सय ८९ रूपैयाँ निक्षेप संकलन गरी ४३ अर्ब दुई करोड १४ लाख ८६ हजार सात सय २५ रूपैयाँ कर्जा प्रवाह गरेको छ । सो अवधिमा एक अर्ब ८८ करोड नौ लाख तीन हजार ८९ रूपैयाँ खुद व्याज आम्दानी गरेको बैंकमा पाँच दशमलव ६४ प्रतिशत कर्जा निष्क्रिय रहेको छ ।

अघिल्लो आवमा भने बैंकले ५४ अर्ब दुई करोड ८१ लाख चार हार तीन सय ५८ रूपैयाँ निक्षेप संकलन गरी ४१ अर्ब ७८ करोड ६९ लाख ७० हजार पाँच सय ६९ रूपैयाँ कर्जा प्रवाह गरेको थियो । उक्त अवधिमा एक अर्ब ९० करोड ६८ लाख ६३ हजार तीन सय ५१ रूपैयाँ खुद व्याज आम्दानी गरेको बैंकमा तीन दशमलव ९३ प्रतिशत कर्जा निष्क्रिय रहेको थियो ।


**निक्षेप उपर हकदावी सम्वन्धी ३५ दिने सूचना**

यस विकास बैंकको, डिल्लीबजार शाखा कार्यालयका खातावाला हरि चन्द्र शाहीको नाति मान बहादुर शाहीको छोरा रुक्मणी शाहीको पति बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३० मा बस्ने योगेन्द्र बहादुर शाहीको मिति २०८२/०३/१९ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस विकास बैंकमा रहेको निक्षेप खाताको रकम भुक्तानी पाउँ भनी निजको पत्नी रुक्मणी शाहीले यस विकास बैंकमा निवेदन दिनुभएको हुंदा उक्त निक्षेप रकम उपर निज निवेदक वाहेक अग्र प्राथमिकतामा कोही कसैको हकदावी लाग्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित हकदावी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदन माग वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
केन्द्रीय कार्यालय:
सनराईज विज पार्क, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५१३२३२, ४५१३२३४
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)



**संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०९)

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि.का विद्यमान संस्थापक समुहका शेयरधनीले आफ्नो नाममा रहेको ६,५२२ कित्ता संस्थापक शेयरहरु बिक्री गर्नका लागि इच्छुक रही, सञ्चालक समिति समक्ष निवेदन दिनु भएको हुँदा बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७ को निर्देशन नं.११ बमोजिम खरिद गर्न इच्छुक संस्थापक शेयर धनीहरुका लागि यो ३५ दिने सूचना जारी गरिएको छ। हाल कायम रहेको संस्थापक शेयरधनीहरुले उल्लेखित शेयर खरिद गर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको केन्द्रीय कार्यालय कमलादी, काठमाडौंमा निवेदन पेश गर्नहुन जानकारी गराईन्छ। उक्त समयसम्ममा कुनै निवेदन पेश हुन नआएमा कानून बमोजिम भइजाने व्यहोरा समेत अवगत गराईन्छ।

Prabhu Mahalaxmi Life

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
कमलादी, काठमाडौं, नेपाल
फोन: ०१-५३६२२२३
ई-मेल: info@pmlil.com



**प्रभु बैंक लिमिटेड शाखा कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोकका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति २०८२/०४/०९ गते शुक्रबारको आर्थिक राष्ट्रिय दैनिकमा)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोकमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/०५/२० गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक**मा दिनको ठीक १:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिकबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **ऋणी : सानु मैया भुखजु**<br>(ना.प्र.नं. ९९७२१, जारी मिति २०५८/०४/११, जि.प्र.का., काभ्रेपलाञ्चोक)।<br>ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ३, (साविक धुलिखेल न.पा. वडा नं ६)।<br>बुवा : राम श्रेष्ठ।<br>पति : दुर्गा प्रसाद भुखजु। ससुरा : दिल कृष्ण भुखजु। | **जमानतकर्ता : दुर्गा प्रसाद भुखजु**<br>(ना.प्र.नं. ४८७४२/७१८ जारी मिति २०५०/०९/१२, जारी गर्ने कार्यालय जि.प्र.का., काभ्रेपलाञ्चोक)।<br>ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं ३, (साविक : धुलिखेल न.पा. वडा नं. ६)।<br>बाबु : दिल कृष्ण भुखजु।<br>बाजे : पदम बहादुर भुखजु। |
| **लिलामा बिक्री हुने धितोको विवरण** :<br>**सानु मैया भुखजुको** नाममा मालपोत कार्यालय, काभ्रेपलाञ्चोमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला श्रीखण्डपुर गा.वि.स. वडा नं ९ नक्सा सिट नं. ९ स्थित कित्ता नं. ३२९४ को क्षेत्रफल ०-४-०-१ (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१ | |

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट र **शाखा कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोकबाट** प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोकमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००



**निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना**

रघुनाथ नेपालको नाति, गजराज नेपालको छोरा, साबित्रा कटुवालको पति, झापा जिल्ला, दमक न.पा. वडा नं. ०८ (साविक दमक गा.वि.स. वडा नं. १३) बस्ने, यस बैंकको विराटनगर शाखाका खातावाला इन्द्र नेपालको मिति २०८२/०१/११ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको वचत खाता नं. ००६००८९३४५०००१६ मा भएको रकम पाउँ भनी निज खातावालाको पत्नी, मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ०७ (साविक उर्लावारी गा.वि.स. वडा नं. ०४) स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०८ बस्ने, साबित्रा कटुवालले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११(२) वमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय :विराटनगर
फोन नं.०२१-४५०३५७, ४५१



**निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना**

सुर्जमल अग्रवालको नाति, केशर देव अग्रवालको छोरा, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ०५ बस्ने, यस वैंकको हात्तिगौडा शाखाका खातावाला डलिज साडीका प्रोपाइटर बजरंगलाल अग्रवालको मिति २०८१/०४/२७ मा मृत्यु भएकाले यस वैंकमा रहेको निजको फर्मको चल्ती खाता नं. १०००१३२४२४२०००११ मा भएको रकम पाउँ भनी निज खातावालाको भाई नवलपरासी जिल्ला, रामग्राम न. पा.वडा नं. ०५ (साविक रामग्राम गा.वि.स. वडा नं. ०५) बस्ने, रबि राज अग्रवालले आवश्यक कागजात सहित यस वैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११(२) वमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र स-प्रमाण यस वैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : हात्तिगौडा
फोन नं.०१-४३७३५३१३

# 'मधेशलाई संकटग्रस्त र सुक्खाग्रस्त क्षेत्र घोषणा गरेर मात्र राज्यको दायित्व पूरा हुँदैन'

काठमाडौं साउन ८ । संकटग्रस्त र सुक्खाग्रस्त क्षेत्र घोषणा गरिएको मधेश प्रदेशलाई उच्च प्राथमिकता दिई किसानलाई सहुलियत उपलब्ध गराउन सांसदहरूले माग गरेका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले मधेशलाई संकटग्रस्त र सुक्खाग्रस्त क्षेत्र घोषणा गरेर मात्र राज्यको दायित्व पूरा नहुने भन्दै तत्काल खानेपानीलगायतका राहत सुविधा उपलब्ध गराउनुपर्नेमा जोड दिए । यस्तै, सांसदहरूले चुरे संरक्षण, वन फडाँनी नियन्त्रण र वृक्षारोपणसँगै मधेशलाई मरूभूमीकरण हुनबाट बचाउन, सडक निर्माणमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराएका थिए । बैठकमा जनता समाजवादी पार्टी नेपालका सांसद उपेन्द्र यादवले मधेश प्रदेशमा तत्काल 'डिपबोरिङ'को सुविधासहित विद्युतीय सिँचाइ व्यवस्था गर्न सरकारसँग माग गरे । 'तत्काल 'डिपबोरिङ' र विद्युतीय सिँचाइ प्रणालीको व्यवस्था गर्नुपर्छ, सुक्खाग्रस्त क्षेत्रमा २४सै घण्टा सहुलियत दरमा विद्युत् उपलब्ध हुनुपर्‍यो । किसानले लिएको ऋणमा छुट व्यवस्थासहित किसानका पक्षमा कार्यक्रम ल्याउन माग गर्दछु', उनले भने । मधेशमा पिउने पानी र सिँचाइको अभावबारे पटक-पटक सरकारको ध्यानार्कषण गराउँदा पनि समस्या सम्बोधन हुन नसकेको उनको भनाइ थियो ।

पटक-पटक सरकारको ध्यानाकर्षण गर्दा पनि बेवास्ता गरिएका कारण यस किसिमको समस्या देखिएको उनले बताए । यस्तै, उनले गण्डक नहरको व्यवस्थापन र कोशी नदीको पानी सिँचाइमा उपयोग गर्ने सन्दर्भमा कूटनीतिक पहल गर्न समेत सरकारको ध्यानार्कषण गराए । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले घोषणा गरिएको सुक्खाग्रस्त मधेश प्रदेशमा स्पष्ट नीति तथा कार्यक्रमसहित राहत र अनुदानको व्यवस्था हुनुपर्नेमा जोड दिए । उनले स्थलगत भ्रमणसहित राहत तथा अनुदानका प्याकेज तत्काल उपलब्ध गराउन आग्रह गरे ।

यसैगरी, जनमत पार्टीका सांसद अब्दुल खानले मधेशमा देखिएका समस्याप्रति सरकारलाई गम्भीर हुन आग्रह गर्दै कतिपय समस्या समाधानका क्रममा सम्बन्धित विभाग र मन्त्रालयको काम कारबाहीमा स्पष्टता नहुँदा थप जटिलता सिर्जना भएको बताए । 'मन्त्रालय र विभागहरूको काम स्पष्ट नहुँदा कैयौँ समस्या देखिएका छन् । यतिखेर मलखाद, खानेपानी र सिँचाइको समस्याबाट किसान पीडित छन् । तीनै तहका सरकारले संकटग्रस्त र सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको छ । तर घोषणाले मात्र समस्या समाधान हुँदैन, किसानले राहत पाउनुपर्‍यो', सांसद खानले भने ।

नेपाली काँग्रेसका सांसद रामकृष्ण यादवले मधेशमा खानेपानी, सिँचाइ र रासायनिक मल उपलब्ध गराउन यथासम्भव वैकल्पिक उपायसहित राहतमूलक कार्यक्रम ल्याउन तीनै तहको सरकारको ध्यानार्कषण गराए । संकटको समयमा मधेशका जनतालाई राज्यको उपस्थिति महसुस गराउन सक्नुपर्ने उनको भनाइ थियो । 'अन्नको भण्डारका रूपमा परिचित मधेश प्रदेशमा अहिले धान रोपाइँ आधा भागमा मात्र भएको छ । तीन लाख ७२ हजार ६४५ हेक्टरमा धान रोपाइँ हुनुपर्नेमा एक लाख ७४ हजार ५०८ हेक्टरमामात्र रोपाइँ भएको अवस्था छ', सांसद यादवले भने, 'सिँचाइको अभाबमा रोपाइँ हुन सकेको छैन ।

# गुह्येश्वरी क्षेत्रमा हवाई इन्धन डिपो निर्माण हुने

■ आर्थिक संवाददाता
काठमाडौं साउन ८



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उत्तरपूर्वी गुह्येश्वरी क्षेत्रमा नयाँ हवाई इन्धन डिपो निर्माण हुने भएको छ । नेपाल आयल निगमले छ अर्ब ५० करोड रूपैयाँ लागतमा विमानस्थलमा हवाई इन्धन डिपो निर्माण गर्न लागेको हो ।

हाल सिनामंगलस्थित हवाई इन्धन डिपो अन्तर्राष्ट्रिय मापदण्ड बाहिर रहेकाले निगमले अन्तर्राष्ट्रिय मापदण्डअनुसारको नयाँ डिपो गुह्येश्वरी क्षेत्रमा निर्माण गर्ने तयारी अघि बढाएको जनाएको छ । सिनामंगलको डिपोले विमानस्थलमा सुरक्षा जोखिम बढाउनुका साथै भण्डारण क्षमता विस्तार गर्न नमिल्ने भएपछि निगमले डिपो स्थानान्तरण गर्न लागेको हो । त्रिभुवन विश्वविद्यालय, इञ्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पसको कन्सल्टेन्सी सेवाले सो डिपो स्थानान्तरणसम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बिहीबार एक कार्यक्रमका बीच निगमलाई हस्तान्तरण गरेको छ ।

सिनामंगलस्थित निगमको कार्यालयमा आयोजित कार्यक्रममा इञ्जिनियरिङ अध्ययन संस्थानका सहायक डिन प्राडा सुरज लामिछाने र सहप्राध्यापक नारायण गौतमले सिनामंगलस्थित डिपोका प्रमुख प्रदीकुमार यादव र लेखा प्रमुख प्रचण्ड पाठकलाई प्रतिवेदन हस्तान्तरण गरेका हुन् । उक्त प्रतिवेदनमा कुल छ अर्ब ५४ करोड २९ लाख रूपैयाँको लागतमा डिपो स्थान्तरण गरिने उल्लेख छ । अब बन्ने डिपोमा पेट्रोलियमसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पूरा पालना गरिने छ । नयाँ डिपो अमेरिकी पेट्रोलियम इन्स्टिच्युटले तोकेको सुरक्षा मापदण्डको हुने निगमले जनाएको छ ।

डिपो स्थानान्तरणसम्बन्धी प्रतिवेदन तयार गर्न निगमले गत मङ्सिर ५ गते त्रिवि इञ्जिनियरिङ अध्ययन संस्थानलाई जिम्मा दिएको थियो । सरकारले गत साउन २८ गतेको मन्त्रिपरिषद् बैठकबाट सिनामंगलस्थित हवाई इन्धन डिपो गुह्येश्वरीमा स्थानान्तरण गर्ने निर्णय गरेको थियो । नयाँ बन्ने डिपोमा इन्धन भण्डारणका लागि तीन हजार किलोलिटरका पाँच वटा भर्टिकल टयाङ्क निर्माण हुनेछन् । भविष्यमा भण्डारण टयाङ्क निर्माणका लागि थप जग्गा पनि रहनेछ । प्रमुख यादवले आगामी ५० वर्षका लागि हवाई इन्धनको माग धान्न सक्नेगरी नयाँ डिपो निर्माण गरिने जानकारी दिए ।

डिपो अत्याधुनिक तथा पूर्णरूपमा स्वचालित हुनेछ । हवाई इन्धन 'लोडिङ' र 'अनलोडिङ'का लागि क्रमशः छ र आठ वटा वे, अन्तर्राष्ट्रिय उडानका जहाजमा इन्धन भर्न सात वटा 'हाइड्रेन्ट रिफ्युलर' रहने निगमले जनाएको छ । डिपोमा अग्नि सुरक्षाका लागि दुई हजार एक सय किलोलिटरका दुई वटा पानी टयाङ्क तथा पूर्णस्वचालित अग्नि नियन्त्रक प्रणाली जडान हुने प्रमुख यादवले जानकारी दिए । नेपाल नागरिक उड्डयन प्राधिकरणले जग्गा व्यवस्थापनको काम सम्पन्न गरिदिएमा आगामी भदौमा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरी आगामी मङ्सिरदेखि निर्माण प्रारम्भ गर्ने योजना रहेको उनले बताए ।

जग्गा व्यवस्थापनको काम अत्यन्त ढिलो गतिमा भइरहेको जानकारी दिँदै उनले प्राधिकरणबाट सहयोगको अपेक्षा गरिएको बताए । निर्माण सुरू भएको दुई वर्षमा आयोजना सम्पन्न गर्ने लक्ष्य लिइएको छ । विसं २०८४ मङ्सिरदेखि नयाँ डिपोबाट इन्धन भर्ने योजना रहेको प्रमुख यादवले बताए । इञ्जिनियरिङ अध्ययन संस्थानका सहायक डिन लामिछानेले आफूहरु जस्तोसुकै परियोजनाको पनि डिजाइन गर्न सक्षम रहेको दाबी गरे । उनले निगमसँगको सहकार्यबाट संस्थानको पनि क्षमता वृद्धि हुनुका साथै निर्धारित समयमा डीपीआर हस्तान्तर गरिएको उल्लेख गरे ।

# रोल्वालिङ खोला जलविद्युत् आयोजनाको काम डेढ महिनादेखि बन्द

■ सुवास बस्नेत
दोलखा, साउन ८

जिल्लाको गौरीशंकर गाउँपालिका वडा नम्बर-९ रिकुमा निर्माणाधीन २० मेगावाटको रोल्वालिङ खोला जलविद्युत् आयोजनाको काम डेढ महिनादेखि बन्द भएको छ । स्थानीयको मागलाई सम्बोधन गरेर आयोजनाको निर्माण कार्य अगाडि बढाउनगरी आयोजनाले २०८१ असार ३ गते स्थानीयसँग सम्झौता गरेको थियो । तर आयोजनाले सम्झौताअनुसार काम अघि बढाएको छैन । यहाँका स्थानीयले आयोजनासँग तीन वटा माग राखेका छन् । उनीहरूले गोगंर खोलादेखि रिकुसम्मको गोरेटो पैदलमार्गलाई तीन मिटर चौडाको साना सवारी ओहोरदोहोर गर्नसक्ने गरी सडक स्तरोन्नति गर्नुपर्ने, आयोजना स्थलको जग्गाको उचित मुआब्जा दिनुपर्ने र आयोजनास्थलका स्थानीयलाई अनिवार्य रोजगारी दिनुपर्ने माग राखेका छन् ।

तर आयोजनाले लामाबगर गोगंर खोलादेखि रिकु जोड्ने गोरेटो बाटो निर्माण स्थानीयसँगको सहमतिविपरीत अलपत्र पारेको यहाँका स्थानीयको भनाइ छ । आयोजना निर्माणस्थलका स्थानीयलाई रोजगारी दिने सुनिश्चितता गरे पनि काम रोकेर राखेको स्थानीय होमबहादुर खड्काले बताए । भौगोलिक हिसाबले हालसम्म सडक सञ्जालले छुन नसकेको रिकुमा तीन मिटर चौडाको सडक-पैदलमार्ग तथा हाइड्रोपावर निर्माण गर्ने गरी आयोजनाले काम थालेको थियो । साथै, आयोजनाले स्थानीयको सामान ढुवानीको लागि निर्माण गर्न लागेको काभ्रेभीरदेखि रिकुसम्मको तीन टन क्षमताको मेटेरियल रोपवे बनाउने गरी काम सुरू गरेको थियो ।

आयोजनाले निर्माणधीन रोपवे उईन्चको लट्ठा (मेन केवल) लाई नउठाई बेवारिसे अवस्थामा छाडेको थियो । स्थानीयले उक्त उईन्चलाई उठाई अत्यावश्यक खाद्यान्नलगायतको सामान ढुवानी गरेका थिए । तर आयोजना निर्माण कम्पनी एसएससीई हाई हिमालय जेभीले उक्त उईन्च उठाएपछि स्थानीयविरूद्ध नै जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय दोलखालाई पत्र काटेर पुनःरोपवे बन्द गर्न निर्देशन दिएको स्थानीय खड्काले बताए । खड्काका अनुसार निर्माण कम्पनीको लापरबाहीको कारण उक्त रोपवेको केही समयअघि (मेनकेवल) लट्ठा झरेको थियो ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना ९ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय बेनिघाटबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक अधिविकर्षक तथा आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताके ता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **रोजक कुखुरा फर्म** प्रोप्राइटरको नाम : राम पुकार बस्नेत प्रा.फ.द.प्र.प.नं. : ५१७९/०७३/०७४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, धादिङ
दर्ता मिति : २०७४/०३/१३
रजिष्टर्ड ठेगाना : धादिङ जिल्ला बेनिघाट रोराङ्ग वडा नं. ७ स्थायी लेखा नं. : ६०६२१८०९६

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) कृण्ण बहादुर बस्नेतको नाति ओम बहादुर बस्नेतको छोरा धादिङ जिल्ला धुषा वडा नं. २ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **रामपुकार बस्नेत** (ना.प्र.नं. : ३/४९२७ जारी मिति र जिल्ला : २०६१/०३/०३, धादिङ)

२) लोक ब. रुवालीको छोरी ओम बहादुर बस्नेतको बुहारी राम पुकार बस्नेतको पत्नी धादिङ जिल्ला बेनिघाट वडा नं. ६ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **दुर्गा रुवाली** ( ना.प्र.नं : १०९३ जारी मिति र जिल्ला : २०६२/०९/१६, धादिङ)

३) कृष्ण बहादुर बस्नेतको नाति ओम बहादुर बस्नेतको छोरा धादिङ जिल्ला धुषा वडा न २ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **कृष्णपुकार बस्नेत** ( ना.प्र.नं : ४७/११ जारी मिति र जिल्ला : २०६१/०९/२०, धादिङ)

४) डम्बर बहादुर बस्नेतको नाति कृष्ण बहादुर बस्नेतको छोरा धादिङ्ग जिल्ला धुषा वडा न २ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **ओम बहादुर बस्नेत** (ना.प्र.नं : २/२५७२ जारी मिति र जिल्ला : २०४४/१२/०२, धादिङ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८२/०१/१५ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| राम पुकार बस्नेत | धादिङ्ग जिल्ला बेनिघाट वडा नं. २ | २ब | ६२१ | ०-२-१-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०४/२९ गते विहीवार भित्र यस बैंकको शाखा कार्यालय बेनिघाट आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०४/३० गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय बेनिघाटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## स्वस्थ, सफा र स्वादिष्ट खानाका लागि हामीलाई सम्झनुहोस् ।

सुनिल क्यान्टिन तथा खुद्रा पसल
प्रो. विकास शाह
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान परिसर भित्र (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल)
नोट : हामीकहाँ शुद्ध खाना, खाजा, फलफूल सुपथ मूल्यमा पाइन्छ ।



MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)
ॐकार बिल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## आन्तरिक सजावट तथा अन्य सम्पतिहरु (Leasehold & Other Assets) बिक्रि गर्ने सम्वन्धी शिलबन्दी बोलपत्र प्रस्ताव आव्हानको सूचना

**प्रकाशित मिति : २०८२/०४/०९ गते**

यस मञ्जुश्री फाईनान्स लिमिटेडको काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १० नयाँवानेश्वर स्थित केन्द्रीय कार्यालयको स्थानान्तरण हुने भई उक्त केन्द्रीय कार्यालयको चौथो तल्लामा रहे भएको आन्तरिक सजावट तथा अन्य सम्पत्ति (Leasehold & Other Assets) हरु जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्रि गर्नु पर्ने भएकोले उक्त सामानहरु खरिद गर्न इच्छुक व्यक्ति, फर्म, संघ वा संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र के कति मुल्यमा खरिद गर्ने हो स्पष्ट रुपमा उल्लेख गरि वित्तीय संस्थाको सामान्य सेवा विभाग नयाँवानेश्वर काठमाण्डौमा सम्पर्क गरि मिति २०८२ श्रावण २३ गते भित्र रीत पूर्वकको गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू:**

१. बोलपत्र फाराम रु. २,०००/- (अक्षरेपी दुई हजार रुपैंया मात्र) मा पछि फिर्ता नहुने गरी मिति २०८२ श्रावण २३ गते दिनको १२:०० बजे भित्रमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वर-१० स्थित कार्यालयको सामान्य सेवा विभागबाट खरिद गर्न सकिनेछ ।
२. खरिद भएको बोलपत्र भरी मिति २०८२ श्रावण २३ गते कार्यालय समय सम्म यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वर-१० स्थित कार्यालयमा शिलबन्दी गरि पेश गर्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा परेमा उक्त शिलबन्दी बिदा पछि लगतै कार्यालय खुलेको दिन पेश गर्नु पर्नेछ ।
३. प्राप्त भएका शिलबन्दी बोलपत्रहरु २०८२ श्रावण २४ गते शनिवार परेकोले २०८२ श्रावण २५ गते आइतवार दिनको ३:०० बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वर-१० स्थित कार्यालयमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा उक्त बिदाको लगतै पछि कार्यालय खुलेको दिन दिनको ३:०० बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा खोलिनेछ । तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि शिलबन्दी बोलपत्रहरु खोल्न बाधा पर्ने छैन ।
४. उपरोक्त बमोजिम शिलवन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगतै पछि कार्यालय खुलेको दिनको कार्यालय समय सम्म शिलबन्दी बोलपत्र पेश गर्न सकिने भएको हुँदा सो अवस्था श्रृजना भएमा शिलबन्दी बोलपत्र पेश भएको दिनको भोलिपल्ट कार्यालय खुलेको दिनको ३ बजे शिलबन्दी बोलपत्र खोलिने छ ।
५. बोलपत्र फारमका साथ आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतले हुन आउने रकम यस संस्थामा नगदै जम्मा गरी जम्मा गरेको भौचरको सक्कल प्रति वा सो बराबर रकमको बैंक जमानत (Bid-Bond) शिलबन्दी बोलपत्र फाराम संगै पेश गर्नु पर्नेछ ।
६. प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ ।
७. बोलपत्र सम्बन्धी सम्पुर्ण शर्त तथा जानकारी बोलपत्र फाराममा उपलब्ध गरिने छ ।
८. आवेदन साथ पेश गर्नु पर्ने प्रमाणित कागजात प्रतिलिपिहरु : व्यक्तिको हकमा नागरिकताको प्रमाण पत्र र फर्म, संघ वा संस्थाहरुको हकमा दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्र ।
९. केन्द्रीय कार्यालयको चौथो तल्लामा रहेको आन्तरिक सजावट तथा अन्य सम्पत्ति (Leasehold & Other Assets) हरु को निरिक्षण गर्ने चाहने व्यक्ति, फर्म, संघ वा संस्थाहरुले वित्तीय संस्थाको सामान्य सेवा विभाग नयाँवानेश्वर काठमाण्डौमा सम्पर्क गरी निरिक्षण गर्न सक्नु हुनेछ ।
१०. केन्द्रीय कार्यालयको चौथो तल्लामा रहेको आन्तरिक सजावट तथा अन्य सम्पत्ति (Leasehold & Other Assets) हरुबाट लैजान मिल्ने सामानहरुको विवरण प्राप्त गर्न चाहने व्यक्ति, फर्म, संघ वा संस्थाहरुले वित्तीय संस्थाको सामान्य सेवा विभाग नयाँवानेश्वर काठमाण्डौबाट प्राप्त गर्न सक्नु हुनेछ ।
११. अन्य शर्तहरु तोके बमोजिम हुनेछ ।



## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु ।

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्तिलाई तुरून्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सुवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं,
- रातको समयमा बुट लगायर टर्च लाईट बालेर मात्र हिडौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरू बन्द गरौं,
- झुल लगायर खाटमा मात्र सुतौं ।

**सर्पको टोकाइबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, फ्याक्स : ०१-५९०२१३९ e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी